# वर्गदृष्टि

**Bargadristi Weekly** साप्ताहिक

वर्ष १० अङ्क ६ पूर्णाङ्क ४३२ | २०८२ साउन १९ गते सोमबार | Monday 4 Aug;, 2025 | पृष्ठ ८ | मूल्य रू. १०|-


## बेङ्गलोरमा प्रगतिशील हरितालिका तीजको कार्यक्रम



एजेन्सी । अखिल भारत नेपाली एकता समाज बेङ्गलोर दक्षिण नगर समितिको आयोजनामा अगामी २७ अगष्ट २०२५ का दिन प्रगतिशील हरितालिका तीजको कार्यक्रम हुने भएको छ । बिक्रम सम्बत २०८२ भदौ १० गते तदनुसार सन् २७ अगष्ट २०२५ मा आयोजनामा गत वर्ष झैं यस वर्ष पनि बेङ्गलोरमा कार्यरत श्रमजीवी नेपाली आमा, दिदीबहिनीहरूलाई तीज पर्व विषेशमा अखिल भारत नेपाली एकता समाजले आमन्त्रण गरेको छ । तीज पर्व भन्नासाथ चेली माइती संग भेटघाट गर्ने, रमाइलो *बाँकी ७ पेजमा*

# बहुविवाहलाई छुट दिने कानून खारेज गर्न चौतर्फी जोडदार माग




काठमाडौं । मुलुकी अपराध संहिता लागू भएको दिन १ भदौ २०७५ देखि पूर्णतः निषेध रहेको बहुविवाहलाई निश्चित परिस्थितिमा छुट दिने गरी सरकारले नयाँ कानुन ल्याउन लागेको भन्दै उक्त कानून खारेज गर्न चौतर्फी रुपमा जोडदार माग उठेको छ । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल निकट क्रान्तिकारी महिला संगठनले एक प्रेस वक्तव्य निकालेर उक्त कानून तत्काल खारेज गर्न संगठनकी संयोजक अम्बिका मुडभरीले जोडदार माग गर्नुभएको छ । २०८२ श्रावण १६ गते कानुन मन्त्रालयका सचिवको भनाइ उद्घृत गर्दै विभिन्न सञ्चार माध्यममा प्रकाशित/प्रसारित समाचारले क्रान्तिकारी महिला संगठन नेपालको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै कानुन मन्त्रालयले मुलुकी फौजदारी कार्यबिधी संहिता संशोधन बिधेयकमा बहुबिबाहलाई छुट दिने, बाल बिबाहको उमेर हद र यौन दुर्व्यवहार गर्नेको उमेर अनुसार कार्वाहीको सबालमा तयार गरेको मस्यौदा खेदजनक रहेको १८ साउनमा जारी वक्तव्यमा उल्लेख गरिएको छ । वक्तव्यमा भनिएको छ, "बहुबिबाह केवल महिला माथिको हिंसा मात्र हैन । यो सामाजिक, सांस्कृतिक, आर्थिक, पारिवारिक दृष्टिकोणले समेत अनुचित र बिभेदकारी उत्पिडक सोच हो । नेपाली समाजमा महिला उत्पीडनका विरुद्ध भएका विभिन्न चरणका महिला मुक्ति आन्दोलन, सामाजिक / राजनीतिक आन्दोलनको परिणाम स्वरूप २०७५ भदौ १ देखि लागू गरिएको मुलुकी अपराध संहिता अन्तर्गत बहु बिबाहलाई निषेध गर्ने कानुन बिपरित अहिले छलफलमा रहेको संशोधन विधेयक पश्चगमनको संकेतका रुपमा हामीले लिएका छौं । एकाध सम्बन्ध र घटनाको हवला दिदै बर्तमान सरकार र कानुन मन्त्रालयद्वारा थालिएको कदम कानुनी रुपमा हटाइ सकिएको महिला उत्पीडनलाई पुनः स्थापित गर्ने सामन्ति *बाँकी ७ पेजमा*

## भ्रष्टाचारविरूद्धको कार्यक्रमलाई तीव्र बनाउने




नवलपरासी । १७ साउन गते क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल जिल्ला समिति नवलपरासीले भ्रष्टाचार विरुद्धको कार्यक्रमलाई तीब्र बनाउने निर्णय गरेको छ । पार्टीको बर्दघाटमा शनिवार सम्पन्न पूर्ण बैठकले जिल्लाको हरेक तहमा भष्ट्राचार ब्याप्त रहेकोले अभियानलाई चरणबद्ध रुपमा संचालन गर्ने निर्णय गरेको हो ।

पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला ईन्चार्ज क्षेत्र बहादुर थापाले अभियान पहिलो चरणमा प्रचारात्मक सगै भण्डाफोर, अनुसन्धान तथा रिपोर्टको चरण हुदै जनताको तहबाट जनकारवाही सम्मको चरणमा जाने जानकारी दिनुभयो । यस अघि पार्टीले असार ५ गते *बाँकी ७ पेजमा*

## क्रान्तिकारी सुकुम्बासी संघ नेपालको प्रथम भेला सम्पन्न

### क्रान्तिकारी सुकुम्बासी संघ नेपालको संयोजकमा भीम चापागाई चयन




कास्की । क्रान्तिकारी सुकुम्बासी संघ नेपालको २०८२ श्रावण १५ र १६ गते कास्कीको पोखरामा प्रथम राष्ट्रिय भेला सम्पन्न भएको छ ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका पोलिट्व्यूरो सदस्य तथा क्रान्तिकारी सुकुम्बासी संघ नेपालका फ्राक्सन इन्चार्ज सिताराम तामाङले राष्ट्रिय भेलाको उद्घाटन गर्नुभयो ।

कार्यक्रममा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका ६ नं. व्यूरो इन्चार्ज केशर परियार, पार्टीका केन्द्रीय सल्लाहकार रामजी थापा, सम्पूर्ण जनवर्गीय संगठनहरुको तर्फबाट बाबुराम सुवेदी, रक्तिम सांस्कृतिक अभियानका अध्यक्ष नारायण शर्मा, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल कास्कीका सचिव विक्रम थापाले भेला सफलताको शुभकामना दिनु भएको थियो । जनकवि अग्निराज पाण्डेयले व्यंग्य कविता वाचन गर्नु भएको थियो । भेला संचालन क्रा.क.पा.ने का ७ नं. व्यूरो सेक्रेटरी नारायण अधिकारी, स्वागत सुकुम्बासी नेता सन्ध्या *बाँकी ७ पेजमा*

## सिर्जना र संवादको बाह्रौँ शृंखला सम्पन्न




काठमाडौं । इच्छुक प्रतिष्ठानद्वारा हरेक महिनाको तेस्रो शनिबार सञ्चालन हुँदै आएको 'सिर्जना र संवाद' कार्यक्रम हिजो शनिबार सम्पन्न भएको छ । कुनै पनि सिर्जना र विषयमाथि चर्चा परिचर्चा गरिँदै आएको यस कार्यक्रमको बाह्रौ शृङ्खलामा कवि धनेश्वर पोखेलको कवितासङ्ग्रह 'बन्दुकले विश्राम लिएपछि' माथि चर्चा गरिएको थियो । प्रगतिवादी कवि पोखेलको कृतिमाथि विशिष्ट समालोचक/समीक्षकदेखि पाठक तथा स्रोताहरूले पनि समीक्षात्मक धारणा राखेका थिए ।

पुस्तकमाथि बोल्दै मार्क्सवादी सौन्दर्यचिन्तक प्रा.डा. जगदीश चन्द्र भण्डारीले कवि पोखेल कवि मात्रै नभएर कवि सिपाही भएको र कवि सिपाहीले आफ्ना कविता मार्फत युद्ध नायकले बन्दुक बिसाएर क्रान्तिप्रति गद्दारी गरेकामा उद्धेलित हुँदै कविताका माध्यमबाट आक्रोश व्यक्त गरेको कुरा बताउनु भयो । उहाँले ऐतिहासिक परिदृष्यलाई पाठक सामु सरल ढङ्गले प्रस्तुत गरेका कविले क्रान्तिको यात्रा पूरा गर्न पुनः नयाँ शिराबाट युद्ध थाल्नुपर्ने विषयको उठान पनि गरेका छन् भन्दै आफ्नो धारणा व्यक्त गर्नुभयो ।

अर्का वक्ता कवि मित्रलाल पंज्ञानीले पुस्तकको रूप पक्ष र भाव पक्षको सारमा समीक्षा गर्दै बन्दुकसँगको यात्रा र बन्दुक *बाँकी ७ पेजमा*

## सर्वोच्च अगाडि आत्मदाह गर्ने चेतावनी




काठमाडौं । विष्णुविक्रम थापालाई आत्महत्या गर्न दुरुत्साहन गर्ने विमला पाण्डेलाई उन्मुक्ति दिएको पीडित परिवारले बताएका छन् ।आइतबार संवाद डबलीमा विष्णुविक्रम थापाका बुबा कमल बहादुर थापाले आफ्नो छोरालाई आत्महत्या गर्न बाध्य पार्नेलाई न्यायलयले उन्मुक्ति दिएको बताए । उनले प्रहरीले अनुन्धान नगर्दा आफ्नो छोराले न्याय नपाएको बताए ।

'मेरो छोराको आत्महत्या होइन, हत्या नै हो, किनभने उसलाई बाध्य बनाइयो । आत्महत्या गर्न बाध्य पार्नेलाई प्रहरीले अनुन्धान नगर्ने र अदालतले त्यसलाई आधार बनाएर उन्मुक्ति दिइयो' विष्णुविक्रमका बुबा कमल थापाले भने ।

२०७७ चैत्र ११ गते काठमाडौं बौद्धमा महाँकाल ओरालो तेन्जिङचोक जानेबाटो डेरा गरी बसेको कोठामा विष्णुविक्रमको शब पत्नी बिमलाले बिस्तारामा राखेकोअवस्थमा *बाँकी ७ पेजमा*

## प्यालेष्टाइन राष्ट्रको मान्यतामा बढ्दै गएको अन्तराष्ट्रिय समर्थन


● डा. केशव देवकोटा ●

स्वतन्त्र प्यालेष्टाइन राष्ट्रको मान्यता, इजरायली अत्याचार र अमेरिकी दादागिरीको बिषयलाई लिएर विश्वमा बिभिन्न किसिमका चर्चा परिचर्चाहरु भैरहेका छन् । पछिल्लो समयमा प्यालेष्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने पक्षमा जनमत बढ्दैगएको देखिएको छ । गतसाता मात्रै बेलायतले प्यालेष्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने जनाएको छ । जसलाई बिबिसीलगायतका अन्तराष्ट्रिय समाचार संस्थाहरुले प्रमुखता दिएका थिए । बेलायती प्रधानमन्त्री किअर स्टार्मरले आगामी सेप्टेम्बरमा संयुक्त राष्ट्रसंघको महासभामा प्यालेष्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने घोषणा गर्नुभएको छ । तर त्यसमा उहाँले पनि केही शर्तहरु अगाडि सार्नुभएको पाइएको छ । बेलायतले अघिसारेका शर्तहरु इजरायलले नमानेको खण्डमा प्यालेष्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने स्टार्मरको भनाइ छ । गाजाको भयावह अवस्था अन्त्यगर्न इजरायलले ठोस कदम नचाले बेलायतले प्यालेष्टाइनलाई स्वतन्त्र राष्ट्रकारुपमा मान्यता दिने भनिएको छ । गतसाता भएको मन्त्रिपरिषद्को आकस्मिक बैठकपछिको एक पत्रकार सम्मेलनमा प्रधानमन्त्री स्टार्मरले उपरोक्त घोषणा गर्नुभएको थियो । उहाँले यदि गाजाको भयावह अवस्था अन्त्यगर्नका लागि इजरायल सरकारले ठोस कदम चाल्दैन, युद्धविरामको घोषणा गर्दैन, गाजाको पश्चिमी तटमाथिको कब्जा अन्त्यगर्दै दीर्घकालीन शान्ति प्रक्रियाका लागि प्रतिबद्ध हुँदैनभने बेलायतले प्यालेष्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने बताउनु भएको थियो । अर्कोतिर गतसाता नै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका मध्यपूर्व दूत स्टीभ विटकोफले गाजाको भ्रमण गर्नुभएको थियो । त्यसक्रममा उहाँले अमेरिकी सहयोगमा सञ्चालित गाजा ह्युम्यानिटेरियन फाउन्डेसन (जीएचएफ)कोसहायताकार्यक्रमको निरीक्षणसमेत गर्नुभएको थियो । उहाँले जीएचएफद्वारा सञ्चालित सहायता *बाँकी ४ पेजमा*

## सम्पादकीय

# विस्तारवाद र साम्राज्यवादविरोधी संघर्ष

सामन्तवाद र साम्राज्यवादका विरुद्ध निर्णायक संघर्ष गरेर मात्र नेपालमा नयाँ जनवादी क्रान्तिले पूर्णता पाउन सक्छ र नेपालमा नयाँ जनवादी व्यवस्था स्थापित गर्न सकिन्छ भन्ने नेपाल कम्युनिस्ट पार्टीको स्थापना कालदेखिको स्पष्ट दिशाबोध थियो । यही मान्यताका आधारमा नेपालमा दशवर्ष लामो जनयुद्ध भयो । तर सामन्तवादको राजनीतिक प्रतिनिधि शाहवंशीय राजतन्त्रको अन्त्यसँगै जनयुद्धको विधिवत अन्त्य भएको घोषणा गरियो तर सामन्तवादको अवशेष र साम्राज्यवाद(भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद)विरोधी संघर्षको सिंगै कार्यभार आजपर्यन्त बाँकी छ । आज देशमा दलाल तथा नोकरशाही पुँजीवादले नराम्ररी जरा गाडेको छ । जनयुद्धकै तागतमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र 'भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको रखेल'मा परिणत भएको छ । स्थापित सीमित जनअधिकारहरु पनि उल्ट्याउने र प्रतिगामी यात्रा तय गर्ने क्रम तीव्र बनेको छ । जनयुद्धले पुरानो सत्ता र व्यवस्थाको आधार भत्काउन सकेन केवल उपरीसंरचनामा मात्र सीमित परिवर्तन ल्यायो । रणनैतिक प्रत्याक्रमणको चरणमा पुगेको जनयुद्धले पुरानो सत्ता र व्यवस्थाको सम्पूर्ण अवयव ध्वस्त पार्ने र नयाँ जनसत्ता र व्यवस्थाको जग बसाउने प्रचुर सम्भावना बोकेको थियो । तर तत्कालीन नेतृत्व प्रचण्ड र बाबुरामले वर्गीय र राष्ट्रिय रुपमा आत्मसमर्पण गरेपछि जनयुद्धले धक्का र धोका खान पुग्यो र नेपाली समाजको क्रान्तिकारी रुपान्तरणको प्रक्रिया बिचमै अबरुद्ध बन्न पुग्यो । अहिले आएर पुष्टि भइसकेको छ कि भारतीय डिजाइनमै जनयुद्धको घाँटी निमोठ्ने षड्यन्त्र भएको थियो । नेपालमा जनयुद्ध सफल भयो भने त्यसको सकारात्मक प्रभाव भारतीय जनयुद्धमा पर्ने र त्यहाँको माओवादी जनयुद्ध अझ सशक्त रुपमा अगाडि बढ्ने विश्लेषणका आधारमा नेपालका माओवादी नेतृत्वलाई भारतीय खुफिया एजेन्सी रअको माखेसाङ्लोमा पारेर अन्ततः १२ बुँदे समझदारी हुँदै शान्तिप्रक्रियामा ल्याएर माओवादीको एउटा धारलाई 'लिवर कम्युनिस्ट'को रुपमा संसदीय भाषमा जाकिदियो । त्यसपछि प्रचण्ड नेतृत्वको माओवादी केन्द्र अहिलेसम्म त्यही संसदीय भासमा जिकिइरहेको छ र अब बाहिर निस्किन सक्ने अवस्थामा छैन । कहिले कांग्रेस, कहिले एमालेका बिचमा डोलायमान भएर दुवैको भाग खोस्दै खाँदै रमाइरहेको छ । उसले आफैले जनयुद्ध सुरु गर्दाका प्रतिबद्धता, संकल्प र उद्देश्य पूरै भूलेको छ । र, अहिले तीव्र बुर्जुवाकरणको बुर्कुसी मार्दै प्रतिक्रियावादीकरणको बाटोमा अगाडि बढिरहेको छ । तर, पनि सोझा सिधा क्रान्तिकारी जनता र कम्युनिस्ट कार्यकर्तालाई 'रेड कम्युनिस्ट'को भ्रमजालमा पार्न कुनै कसर बाँकी राखेको छैन । कमरेड माओले भनेजस्तै 'सेता झण्डा उचालेको दुश्मनभन्दा रातो झण्डा उचालेको दुश्मन हजारौ गुणा खतरनाक हुन्छ' भनेजस्तै आज प्रचण्ड नेतृत्वको माओवादी केन्द्र नै माओवादी आन्दोलन तथा नेपालको कम्युनिस्ट आन्दोलनको क्रान्तिकारी धारालाई समाप्त पार्न लागिरहेको छ । नेपालमा फेरि कुनै पनि नाममा क्रान्तिकारी धाराले टाउको उठाउन नपाओस् र क्रान्तिको झण्डा नउठाओस् भनेर मोहन वैद्य किरण नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका विरुद्ध चौतर्फी घेराबन्दी भइरहेको छ । यो धारालाई सिध्याउन भइरहेको कोशिसलाई मध्यनजर गर्दै क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका महासचिव मोहन वैद्य किरणले हालै एक अन्तर्वार्तामा भन्नुभएको छ, " क्रान्तिकारी कम्युनिस्ट आन्दोलन कमजोर अवस्थामा छ । यो स्थितिमा क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई बलियो बनाउन र क्रान्ति गर्न योग्य पार्टी बनाउन साथीहरुले पूरै मिहेनत गर्नुपर्नेछ । चौतर्फी रुपमा दक्षिणपन्थी संशोधनवादले कम्युनिस्ट आन्दोलनलाई घेराबन्दीमा पारेको छ । दक्षिणपन्थी संशोधनवादका विरुद्ध लड्दै क्रान्तिकारी धारालाई मजबुत बनाउनु पर्दछ ।"

आज नेपालका सच्चा कम्युनिस्टहरुको आधारभूत दायित्व भनेको सामन्तवादको अवशेषलाई समाप्त पार्दै भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादले नेपालमाथि गरेको हस्तक्षेप तथा नेपालको क्रान्तिकारी आन्दोलनमाथि पुऱ्याउन सक्ने अवरोधका विरुद्ध एकताबद्ध भएर लड्नु हो । तर आज संशोधनवादी र अवसरवादी कम्युनिस्टहरु तिनै विस्तारवादी र साम्राज्यवादीहरुको 'दलाल' बनेर नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई सिध्याउने रणनीतिमा लागेका छन् । कम्युनिस्ट आवरणमा रहेका संशोधनवादी र दक्षिणपन्थी अवसरवादीहरु नै सच्चा कम्युनिस्ट क्रान्तिकारी आन्दोलनका सबैभन्दा ठूला दुश्मन हुन् । यो यथार्थलाई गहिरोसँग बोध र आत्मसात् नगरी क्रान्ति गर्न लायक पार्टी बनाउन र क्रान्ति गर्न सम्भव हुँदैन । नेपालको बदलिदो भूराजनीतिक स्थिति र अवस्थितिलाई मध्यनजर गर्दै क्रान्तिकारी कम्युनिस्टहरुले दुरदर्शी बनेर उत्कृष्ट चातुर्यता प्रदर्शन गर्दै क्रान्तिको रणनीतिक तयारी गर्न जरुरी छ । नेपालमाथि भएको वैदेशिक हस्तक्षेपका विरुद्ध निर्णायक संघर्ष नगरी यहाँ क्रान्तिलाई पूर्णतामा पुऱ्याउन सकिन्न भन्ने तथ्य पटक पटक पुष्टि भइसकेको छ । यो चुनौतीको मूलोच्छेदन गर्ने गरी क्रान्तिको तयारीमा इमान्दारिताका साथ जुट्न जरुरी छ । क्रान्तिकारी जनताको अजेय तागतका अगाडि विश्वका शक्तिशाली भनिएका सत्ता र शक्तिहरु पनि ढलेको इतिहास छ । जनता नै अजेय तागत हुन् । जनता नै इतिहासका निर्माता हुन् ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# पुँजीवादी गणतन्त्र पनि मास्न खोज्ने नेपाली कांग्रेस र एमाले पार्टी



● शालिकराम भण्डारी ●

**गणतन्त्रप्रति कांग्रेस नीति साफ नभएको देखिदैन ? के कांग्रेसले नेपालको भू.पू. राजतन्त्रलाई प्रजातन्त्रमा ढाल्न हिम्मत गरेको छ ? नेपालको राजनीति, अर्थनीति कहाँबाट संचालित छ, नेकालाई थाहा छैन ? पटकपटक कांग्रेसका थरिथरिका नेताहरुले थरिथरिका कुरा गर्थे । गत ०८२ साल जेठ ७ गते राजाको अति निकटतम व्यक्ति नवराज सुवेदीले नेकाका सभापति शेरबहादुर देउवासँग भेट गऱ्यो गरे । प्रतिक्रियाहरु धेरै आए , वास्तविकता थाहा भएन । यसले के संकेत गर्छ ? राजालाई शिरमा राख्ने सत्ताको बागडोर आफूले सम्हाल्ने त हैन र ? के देउवाको यो सपना नेपाल जस्तो देशमा पूरा होला ?**

गोर्खाका राजा पृथ्वीनारायण शाहदेखि नेपालको शासन सत्तामा राज गरेको शाह खलकका राजाहरु र १०४ वर्षसम्म शासन सम्हालेका जंगबहादुरका सन्तान राणाहरुले नेपाली जनतामाथि क्रुर, निदर्यी, सामन्ती तानाशाही शासन निरन्तर संचालन गर्दै आएका थिए । यो अवस्थाबाट नेपाली जनता कोही पनि अपरिचित छैनन् । त्यसैबेला हाम्रो छिमेकी देश भारत पनि अंग्रेजहरुको औपनिवेशिक शासनको पिसाई थिचाईबाट भर्खर मुक्त भएको थियो, त्यसको प्रभुत्व नेपालमा पनि परिरहेको थियो र प्रभावित व्यक्तित्व वि.पि. कोइरालाले देशलाई त्यो शासनबाट मुक्त गर्न र भारत जस्तै प्रजातान्त्रिक व्यवस्था बहाल गर्न आँट गरेर एउटा पार्टी खोले, त्यसको नाम राखे नेपाली कांग्रेस । संघर्षमा उक्लिंदै जाँदा जनताले पनि साथ दिएकोले २००७ सालमा राणा खानदानका अन्तिम प्रधानमन्त्री मोहन शम्शेर जवरालाई आफ्नो गद्दी त्याग्न बाध्य हुनुपऱ्यो । एक प्रकारको क्रान्ति सम्पन्न भयो, यो १५,१६ वर्षको घटना हो ।

अर्कोतिर सर्वहारा वर्गको क्रान्ति विश्वमा जवरजस्त तरिकाले विस्तार भैरहेको थियो, सन् २०१७ को रुसी अक्टोबर क्रान्तिको परिणामस्वरुप स्थापित समाजवादी व्यवस्था तीब्र रुपले अगाडि बढिरहेको थियो । चिनीयाँ कम्युनिस्ट आन्दोलनले पनि मुक्ति संग्राममा विजय प्राप्त गरिसकेको थियो । नेपालमा पनि त्यसको असर नपर्ने कुरा भएन । त्यसैले २००६ सालमा पुष्पलाल श्रेष्ठको नेतृत्वमा कम्युनिष्ट पार्टी स्थापना भयो । २००७ सालमा पार्टी भर्खर जन्मेको थियो । तर छोटै समयमा यसले आफ्नो संगठनको विस्तार व्यापक रुपले बढायो । जनताका आधारभूत समस्या उठाउन थालियो । यसैबीच २०१५ सालमा संसदीय निर्वाचन भयो । कांग्रेसले बहुमत ल्यायो । सरकार निर्माण गऱ्यो । तर शाह वंशका राजाहरुलाई जनताको यो खेल पटक्कै चित्त बुझेको थिएन, वंशीय परम्पराअनुसार त्रिभुवन पछि महेन्द्रले श्रीपेच पहिरिएका थिए । यसको आयु २ वर्ष पनि नपुग्दै, तिनैले संसदलाई भंग गरे । यो घटना २०१७ साल पुस १ को घटना थियो । त्यसैले यस दिनलाई नेपाली जनताले कालो दिवसको रुपमा मनाउने गरेका छन् । पहिलो चरणमा २०१७ देखि २०४६ सालसम्म अर्थात् २८,२९ वर्षसमम जनताले पाएको दुःखकष्ट, जेलनेल, बलात्कार निर्वासनको कथा भनी साध्य, लेखिसाध्य छैन । त्यो पश्चगामी इतिहास आजका नेपाली जनताले थाहा नपाउने कमै होलान् । कम्युनिस्ट र कांग्रेसका निरन्तर संघर्षले गर्दा ०४६ सालको परिवर्तन भएको हो । राजाका केही सामान्य अधिकार कटौती भएका हुन् । कांग्रेस संसद फिर्ता गरिदिएकोले खुशीले गदगद् थियो, एकथरी कम्युनिस्टहरु पनि सारै सन्तुष्ट भएका थिए । ती मध्येमा जनताको बहुदलीय जनवाद हुँदै समाजवादमा जान सक्ने समाजवादी कम्युनिस्टहरु पर्दछन् ।

नेपाली कांग्रेसले अतितमा आफूले गर्न परेका सम्पूर्ण संघर्ष भुलेर राजतन्त्रलाई उदारवादी दृष्टिले हेर्ने गरेको छ । उसप्रति नरम छ । जसरी यसका प्रमुख नेता वि.पी.ले हेर्ने गर्थे । सामन्ती राजतन्त्रसँग साँठगाँठ गर्न चाहन्थे । राजाभन्दा वामपन्थी र कम्युनिस्टहरुलाइ धेरै परको ठान्थे । त्यसैले ०४६ साल ढिलो गरी आएको हो । उनको निधन पछि गणेशमान लगायतका केही कांग्रेसी नेताहरुले कम्युनिस्टहरुसँग एउटा मोर्चा गठन गर्न आवश्यक सम्झे, त्यसपछि मात्र ०४६ साल सम्भव भएको हो । यसको उपलब्धिलाई पूर्णता नठान्ने कम्युनिस्टहरुले ०५२ देखि ०६३ सम्म जनयुद्ध गरेर जनआन्दोलनलाई दक्षिणपन्थी हिसावले नहेर्नेहरुको संघर्षले पनि सहयोग गर्दा जनयुद्धले अन्तिम राजा ज्ञानेन्द्रलाई नारायणहिटी छोडि निर्मल निवास जान र गणतन्त्रको घोषणालाई स्वीकार्न बाध्य पारेको थियो । गणतन्त्र स्वीकार्न परे पनि नेका यसबाट सन्तुष्ट थिएन, ऊ संवैधानिक राजतन्त्र चाहन्थे । यसै कुरालाई बुझेर पूर्व राजा ज्ञानेन्द्रले कांग्रेसका घरघरमा, दरवारमा आफ्ना निकटका तालुचटुवाहरु, दुतहरु पठाउने गरेको थियो । ती दुतहरु कांग्रेससँग भेटघाट वार्ता गर्न किन साहस गरे ? यसको प्रश्न उठ्दैन ? गणतन्त्रप्रति कांग्रेस नीति साफ नभएको देखिदैन ? के कांग्रेसले नेपालको भू.पू. राजतन्त्रलाई प्रजातन्त्रमा ढाल्न हिम्मत गरेको छ ? नेपालको राजनीति, अर्थनीति कहाँबाट संचालित छ, नेकालाई थाहा छैन ? पटकपटक कांग्रेसका थरिथरिका नेताहरुले थरिथरिका कुरा गर्थे । गत ०८२ साल जेठ ७ गते राजाको अति निकटतम व्यक्ति नवराज सुवेदीले नेकाका सभापति शेरबहादुर देउवासँग भेट गऱ्यो गरे । प्रतिक्रियाहरु धेरै आए , वास्तविकता थाहा भएन । यसले के संकेत गर्छ ? राजालाई शिरमा राख्ने सत्ताको बागडोर आफूले सम्हाल्ने त हैन र ? के देउवाको यो सपना नेपाल जस्तो देशमा पूरा होला ? कहाँबाट आयो, यस्तो समझदारी ? उनले कतै बेलायतको संवैधानिक राजतन्त्रको नक्कल गर्न खोजेको त होइन ? त्यसो हो भने उनलाई सल्लाह छ, १/२ वर्ष बेलायतमा गएर बस्न, बुझ्न, अध्ययन गर्न आफ्ना उच्च तहका नेताहरुलाई त्यहाँ पठाउन पऱ्यो, किन कि त्यहाँको राजसंस्था संसदको अधिनमा छ, बस भने बस्ने उठ भने उठ्ने गर्नुपर्दछ । यहाँ तपाई लगायतका केही पार्टीहरुले संसदलाई कमजोर बनाएका छन् । यहाँको राजा ज्ञानेन्द्रको राजसंस्थाले आन्दोलन गरेर संस्था फिर्ता गराउन लागि परेको छ । त्यस्तो आन्दोलनकारी शक्ति कहिले संसदको अधिन बस्न सक्छ ? त्यसले त आफ्ना बाबु राजा महेन्द्रले संसद खाए झैं खाने मात्र हो । ०१७ साल ल्याउने हो । बेलायतमा राजतन्त्रको मनपरीतन्त्रबाट आत्तिएर जनताले राजाको टाउको काटेका थिए, फेरि यही संस्थालाई खाली सम्मानको रुपमा राख्न त्यसबेला उचित सम्झेर राखेका हुन् शक्तिविहीन बनाएका हुन् । अर्को कुरा त्यहाँको अर्थनीति पुँजीवादमा विकसित भैसकेको थियो, परराष्ट्र नीति आफ्नै हातमा थियो । तर यहाँ नेपालमा धेरै फरक छ, अर्थनीति दलाल नोकरशाही सामन्त वर्गको हातमा छ, परराष्ट्र नीति यसको आफ्नो पकड छैन। त्यसैले फालिसकेको राजतन्त्र पनि फर्किन खोज्दछ। यसै २/४ दिनमा राजतन्त्रप्रति नेकाको नीति स्पष्ट नभएको देखेर पक्का सामन्तवादी राजसंस्था विरोधी पार्टीहरु र जनताबाट नकारात्मक प्रतिक्रिया आए। त्यसैको परिणामस्वरुप नेकाका सभापति शेरबहादुर देउवाले एउटा विज्ञप्ति निकालेका छन्। त्यसमा उनी भन्छन्–"त्यो सब भ्रमपूर्ण हो । हामी गणतन्त्रवादी नै हौं ।" तर जनताले ३ जिब्रे नीति प्रति विश्वास गर्न सकेका छैनन् । जनता भन्छन् धर्म निरपेक्षता र गणतन्त्रको सम्बन्धमा हामी नेकासँग सम्झौता गर्न सक्दैनौं । पुँजीवादी गणतन्त्र पनि सह्य नहुनेसँग देशले के आस आडभरोसा गर्ने ?

अर्कोतिर, समाजवाद समर्थक कम्युनिस्ट, पार्टीको नाम पनि मार्क्सवादी लेनिनवादी राखेका पार्टीका नेता खड्कप्रसाद ओलीको व्यवहार हेर्दा उनी पनि राजतन्त्रप्रति कहिले पनि साफ भएनन् । उनको विगतको इतिहासले त्यस्तै देखाउँछ, उनले संसदमा बहुमत ल्याउन भू.पू. राजाको पार्टीसँग गठबन्धन गरेर चुनाव लडे । उनको नीतिले नेपाली जनतालाई के शिक्षा दिन्छ ? के मार्क्सवाद लेनिनवादले त्यस्तै भन्छ ? संसदमा बहुमत ल्याएर सत्ता हात पारे पछि समाजवाद सजिलरी आउन सक्छ भन्छ ? जनयुद्धको रापमा राजा फालिएपछि संविधान बन्यो, ३ चुनाव भए यो समयमा दलाल तथा नोकरशाही पुँजीपति वर्गको पक्षमा बाहेक मार्क्सवाद-लेनिनवादले ठहर गरेको वर्गको पक्षमा एउटा कानुन संसदमा बन्न सकेको छ ।

नेपाल कृषि प्रधान देशको, भूमिहिन, गरिब किसानको पक्षमा कुनै नीति छ ? कुनै कुरा बोलिन्छ ? शोषित, पीडित जनताप्रति उनको पार्टी केही बोल्छ ? क्रान्तिकारीले जनगणतन्त्रको कार्यक्रम पेश गर्दा उनी कता जाने, प्रतिगमन नै उनको कार्य दिशा भएको छ, त्यसैले उनको पार्टीलाई पुँजीवादी गणतन्त्र पनि धान्न नसक्ने भनेको हो । उनको गठबन्धनले पनि यही देखाएको छ । अरुहरु पनि प्रशस्तै छन्, लेख्दै गरौंला ।

अन्तमा सामन्तवादी, राजतन्त्र र पुँजीवादी गणतन्त्रमा फरक छ ? यो प्रश्न धेरैको सोध्ने गर्छन । यसको सही उत्तर हो -सामन्तवाद पछि संसारमा पुँजीवाद आउँछ । नेपालमा पनि त्यही भएको छ, सामन्तवाद वंशीय राजाद्वारा शासित हुन्छ । त्यहाँ अत्यधिक निरंकुशता हुन्छ । शोषण, दमन भूमिपतिले भूमिहीन, गरिब, किसान माथि गर्छन् । पुँजीवादमा शाससन पुँजीपतिहरुको समूहले गर्छ, यहाँ केहीहदसम्म स्वतन्त्रता हुन्छ, तर त्यो स्वतन्त्रताको भागिदार ती मुठ्ठीभर पुँजीपति मात्र हुन्छन् । बहुसंख्यक जनताले सानातिना विषयमा बाहेक स्वतन्त्रताको उपभोगबाट बञ्चित हुन्छन् । शोषण, दमन पुँजीपतिवर्गले मजदुर र समस्त गरिखाने वर्गलाई गर्छन् । त्यहाँ पनि अपराध, हत्या, डकैती, बलात्कार, पदमा बसेर सार्वजनिक सम्पत्ति हिनामिना गर्नेहरु चोखा पवित्र हुन्थे, यहाँ पनि त्यही हो । तर सामन्तवादी निरंकुश शासकविरुद्ध लडेर ल्याएको पुँजीवादी गणतन्त्र अन्त्य सफल छ, बेलाबखतमा नेपालमा डगमगाई रहन्छ, यसमा प्रमुख कारक नेपाली कांग्रेस र पार्टी एमाले देखा परेका छन्, धान्न नसके भनेको यही हो । २५० वर्षसम्म मनपरी गरेको शाहवंशले टाउको उठाउने कारण पनि यही हो ।


# कञ्चन गाउँपालिका महिला एकता भेला सम्पन्न




रुपन्देही । अखिल नेपाल महिला संगठन र क्रान्तिकारी महिला संगठन नेपाल कञ्चनको एकता भेला २०८२ साउन १० गतेका दिन लक्ष्मीकाउछाको अध्यक्षतामा सम्पन्न भएको छ । भेलाले १३ पूर्ण र २ रिक्त सहित ५सल्लाहकार गरी सदस्सीय कञ्चन गाउँपालिका समिति गठन गरेको छ । जसमा अध्यक्ष-लक्ष्मी काउछा ,उपाध्यक्ष- विष्णु वि.क., सचिव-सुस्मा पछाइँ , सहसचिव- जमुना ढकाल,कोषाध्यक्ष -किरण सुवेदी , सदस्यहरु शान्तिसुनुवार, पार्वती पौडेल, दिलमायाँ फौंजा,फूलमाया फौंजा, झिमा पौडेल,भोजकुमारी राना,टिका थापा, फूलमाया थापा, र दुइ स्थान रिक्त रहेको छ । जसमा सल्लाहकारहरुमा पार्वती पौडेल,सिता आचार्य ,पूर्णा थापा,सिला सापकोटा र खिमा आचार्य रहनुभएको छ ।

# दक्षिणपन्थी संशोधनवादका विरुद्ध लड्दै क्रान्तिकारी धारालाई मजबुत बनाउनु पर्दछ

## ❑ मोहन वैद्य 'किरण' महासचिव, क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल



***तपाईंको स्वास्थ्य अवस्था अहिले कस्तो छ ?***

लामो समयसम्म अस्पतालमा बस्नु पऱ्यो । म अहिले अस्पतालबाट घर फर्किएको छु । स्वास्थ्यमा क्रमशः सुधार हुँदै गएको छ ।

***तपाईंको उपचारमा संलग्न डाक्टरहरूले के सल्लाह दिनु भएको छ ?***

खाना नियमित खाने दिनमा ४ पटक खाने, बरु थोरै थोरै खाने । नियमित औषधि सेवन गर्ने । नियमित एक्सरसाइज पनि गर्ने । यस्तै सल्लाह डाक्टरहरुले दिनु भएको छ ।

***तपाईंका इस्टमित्र, शुभचिन्तकहरू र पार्टीका साथीहरूले वैद्यजीको दिन चर्या कसरी चलेको होला भनेर चासो राख्नुहुन्छ । यहाँको दिनचर्या कसरी चलेको छ ?***

विहान उठेर एक्सरसाइज गर्छु ।मलाई डाक्टरहरुले थेरापी गर्न भन्नुभएको छ । थेरापीतिर लागिरहेको छु । दिनमा थोरै थोरै चार पटक खाने कुरा खान भन्नुभएको छ । विहान ९/१० बजेतिर खाना खाएपछि केही समय आराम गर्छु । त्यसपछि दिउँसो १२/१ बजेतिर साथीहरु, इष्टमित्र भेटघाट गर्न आउनुहुन्छ ।उहाँहरुसित कुराकानी गर्छु साथीहरु आउनु भएन भने म लेख पढ गर्ने काममा लाग्छु । बेलुकी १० बजेतिर सुत्छु । यसरी नै मेरो दिनचर्या चलिरहेको छ ।

***अध्ययन लेखनमा स्वास्थ्यले साथ दिएको छ ?***

स्वाथ्यले साथ दिएसम्म सकभर लेख्ने पढ्ने काम गरिरहेकै छु ।

***रातिमा निन्द्रा लाग्छ ?***

निन्द्राको समस्या छैन । लाग्छ । अलिबढी व्यक्तिगत कुराकानी गरिनेछ । यो अन्तर्वार्तालाई त्यसअनुसार नै बुझ्नु होला । बाल्यकालमा यहाँले के बन्ने सपना बोक्नु भएको थियो ? सपना के थियो के हुनुभयो ?

बाल्यकालमा मेरो सपना शिक्षक बन्ने थियो । सुरुमा म शिक्षक पनि भएँ । करिब ५/६ वर्ष शिक्षक भएँ । दाङमा मैले तीन ठाउँमा पढाएँ। सुरुमा दाङको हलुवार भन्ने ठाउँको प्रा.वि.मा पढाएँ । त्यसपछि केही महिना तुलसीपुर भन्दा माथि अम्बास भन्ने ठाउँको निम्न माध्यमिक विद्यालयमा पढाइयो । त्यसपछि तुलसीपुर भन्दा दक्षिण पश्चिम तिरको बेलगनाथतिर निमाविमा केही महिना पढाएँ । प्यूठानको जनता मावि बाग्दुलामा पढाएँ । त्यसपछि प्यूठानमा स्वर्गद्वारी क्याम्पस स्थापना गर्नेतिर लागियो र त्यहाँ पढाइयो । राजीतिक जिम्मेवारी पूरा गर्नेपर्ने भएपछि शिक्षक रहिरहन सकिएन ।

***शिक्षक आन्दोलनमा पनि लाग्नु भयो कि ?***

म शिक्षक हुने बेला नेपालमा शिक्षक संगठन थिएन । आन्दोलन पनि भएन । आन्दोलन र संगठन नभएपछि शिक्षक आन्दोलनमा पनि लागिएन ।

***यहाँले आफूले आफैंलाई मूल्यांकन गर्नुपर्दा मेरो सवल पक्ष यो हो, मेरो दुर्वल पक्ष यो हो भन्ने लाग्छ होला नि ?***

त्यस कुराप्रति मैले त्यति ध्यान दिएको छैन । तैपनि कुनै काममा लागेपछि निरन्तर त्यो काममा खटिरहने, इमान्दारपूर्वक नै काममा लाग्ने, कुनै पनि चीज पढ्नु लेख्नु पऱ्यो भने त्यसमा पनि गहिरिएरै लाग्ने, पार्टीको जिम्मेवारीको काममा पनि दिलोज्यानले नै लाग्ने मेरो बानी छ । यो मेरो सवल पक्ष हो जस्तो लाग्छ । देश र जनताको हितप्रति समर्पण मेरो सवल पक्ष हो जस्तो लाग्छ । कतिपय अवस्थामा उदारवादी कमजोरी पनि छ जस्तो लाग्छ । अर्को मेरो अलि रिसाउने बानी छ । त्यो पनि मेरो दुर्वल पक्ष हो जस्तो छ ।

***यहाँको जीवनको दुःखद क्षण के छ ?***

व्यक्तिगत वा पारिवारिक पक्षबाट जीवनको दुःखद क्षण के छ भने कपिल नाम गरेको एउटा सानो छोरा थियो, ऊ दुई वर्षकै उमेरमा बित्यो । त्यो घटना धेरै दुःखद घटना हो । यता पार्टी संगठनमा जनयुद्ध कालमा धेरै राम्रा र होनहार कामरेडहरुले सहादत प्राप्त गर्नुभयो । ती साथीहरुको मृत्युका घटना अत्यन्त दुःखद क्षणहरु हुन् ।

***यहाँको जीवनको खुसीको सुखद क्षण के छ ?***

त्यसप्रति धेरै सोचेको छैन । तैपनि जनयुद्ध वा आन्दोलनका क्रममा सफलताहरु प्राप्त हुँदा वा संघर्षका सफलता, संगठनको प्रगतिको घटनाले मलाई खुशी लाग्थ्यो । अध्ययन लेखनमा रुची भएकाले प्रकाशनका कार्यबाट पनि मलाई खुशी लाग्छ ।

***तपाईंलाई कस्तो गुण /चरित्र भएको मान्छे मन पर्छ ?***

म आफू आन्दोलनमा लागेको हुनाले आन्दोलनप्रति निष्ठावान, इमान्दार, लगनशील मान्छे मलाई मन पर्छ । अध्ययनशील, मिहेनती साथीहरु मन पर्छ ।

***तपाईंको जीवनको रूचीका क्षेत्रहरू के के हुन् ?***

अध्ययन, लेखन र पार्टी काम मेरो जीवनको रुचीका क्षेत्र हुन् ।

***यहाँले धेरै पटक पढेको पुस्तक कुन हो ?***

आवश्यकता अनुसार एउटै पुस्तकलाई धेरै पटक पढ्न सकिन्छ र पढ्नुपर्ने हुन्छ । तर मैले अलि बढी दोहोऱ्याएर पढेको पुस्तक मेक्सिम गोर्कीको "आमा" हो । लेनिन र माओका दर्शनसम्बन्धी रचनाहरु मैले धेरै पटक दोहोऱ्याएर पढेको पुस्तकहरु हुन् । लेनिनको अंग्रेजी संस्करणको भोलुम ३८ धेरै उत्कृष्ट लाग्छ । त्यहाँ लेनिनले हेगेलको द्वन्द्ववाद माथि राम्रैसित चर्चा गरेका छन् ।

***तपाईंलाई मन परेका गीत, कविता ?***

गीत सुन्दा राम्रै लाग्छ । आफूलाई गाउन आउँदैन । प्रगतिशील गीतहरु मन पर्छ । पहिले मलाई लेखनाथ पौडेल, गोपाल रिमाल र लक्ष्मीप्रसाद देवकोटाका कविता मन पर्थ्यो । पछिल्लो अवधिमा इच्छुकका कविताहरु मन पर्थ्यो ।

***मन परेको फिल्म ?***

पहिले पहिले हेरियो कहिले कांही । तर फिल्मतिर मेरो खासै रुची भएन ।

***युवाकालमा खेल खेल्नु भयो कि ?***

कहिलेकांही खेलिन्थ्यो । चेस, भोलिवल, फुटवल र व्याडमिन्टन म युवा छँदा खेलेको थिएँ ।

***यहाँको विवाह ?***

२०३१ सालमा जेलबाट छुटेपछि अर्घाखाँचीबाट सुष्मा आचार्यसित विवाह भयो । मोटामोटी प्रगतिशील खालको विवाह भएको थियो ।

***यहाँको जेलजीवनबारे ?***

म ४ पटक जेल परें । सुरुमा दाङमा शान्ति सुरक्षा ऐन अन्तर्गत राखेको थियो । ५/६ महिना राख्यो । दोस्रो पटक प्यूठानमा पक्रियो । त्यतिखेर पनि ६/७ महिना राख्यो । तेस्रो पटक २०२९ सालतिर पोखराबाट पक्राउ गऱ्यो । पोखराबाट हुलाक सार गर्दै प्यूठान हुँदै सल्यान पुऱ्यायो । चौथो पटक, २०६० सालमा भारतको सिलगुढीबाट पक्रियो । ०६३ सालसम्म त्यहाँ राख्यो । म आँखा अपरेशन गर्न सिलगुडी गएको थिएँ । सुष्माहरु कोठामै थिए । उपचार गर्न गएको दोस्रो दिन म र प्रचण्डका ज्वाई नारायणलाई पक्रियो र फरक फरक ठाउँमा राख्यो ।

***युद्धकालमा सुष्मा मेडमले के गर्नु भयो ?***

मसित सँगै पार्टी काममा ।

***नानीहरू छोरीहरू नि ?***

छोरीहरुले स्कूल फेर्दै पढ्दै गरें । मेरो नाम जानकारी नगराइकन भर्ना गरिएको थियो त्यो कुरा सीमित मान्छेलाई बाहेक अरुलाई थाहा भएन ।

***यहाँले पार्टी सदस्यता कहिले प्राप्त गर्नुभयो ?***

२०२२ सालमा । २०२१ सालमा निवेदन दिएको थिएँ । म पार्टीको दाङको जिल्ला स्तरीय सम्मेलनमा प्रतिनिधि भएँ । म पार्टीका विद्यार्थी युनिटमा थिएँ ।

***चीनको सर्वहारा सांस्कृतिक क्रान्तिको नेपालमा प्रभावबारे यहाँलाई के जानकारी छ ? जेलमा पनि सांस्कृतिक क्रान्तिबारे छलफल हुन्थ्यो कि ?***

म त्यतिबेला पार्टीमा आबद्ध भइसकेको थिएँ । खोजी खोजी पेकिङ रेडियो सुनिन्थ्यो । चीनबाट आएका पुस्तकहरु, अनुवादित कृतिहरु पढ्न पाइन्थ्यो । म जेलमा छँदा सांस्कृतिक क्रान्तिबारे छलफल हुन्न थियो । पछिल्लो पटक दाङ र सल्यानमा जेलमा बस्दा धेरै जसो कांग्रेसीहरु थिए । कम्युनिस्ट म मात्रै थिएँ । काँग्रेसहरुले कम्युनिस्टहरुलाई आलोचना गर्थे । जेलमा वैचारिक भिन्नता भए पनि फेरि मिलेरै बस्नु पर्दथ्यो ।

***०६९ मा पार्टी विभाजनपछि पनि त चीन भ्रमण जानुभयो नि ? उनीहरूको मुख्य चासो के थियो ?***

उनीहरुले पार्टी विभाजन भएकोमा चिन्ता गरेका थिए । नफुट्नु पर्ने भन्थे । चीन भ्रमणमा उनीहरुले चीनको विकास, त्यहाँको प्रशासन संचालनको तौर तरिका देखाउने, बताउने गरेका थिए ।

***पुराना पुस्ताका नेताहरूको के स्मरण छ ।***

पुष्पलाललाई देख्न मात्र पाइयो । तर संगत गर्न पाइएन । केशरजंगसँग भेट भइएन । शम्भुराम श्रेष्ठसँग राम्रै सित भेटघाट भयो । मनमोहन अधिकारीसित सबभन्दा पहिले विराटनगरमा भेट भयो । पछि काठमाडौंमा भेटियो । मोहन विक्रम सिंहजीसित त लामो समय एउटै पार्टीमा सँगै काम गरियो ।

भरतमोहन अधिकारीसँग पनि संगत भयो । तुलसीलालजी दिल्लीमा बस्नुहुन्थ्यो । डेरा खोज्दै गएर भेटेको थिएँ, पार्टी काम गर्दा खेरी । डिपी अधिकारीलाई धेरैपछि मात्र भेट भएको थियो ।

***सुरुमा के चीजले तपाईं राजनीति प्रति आकर्षित हुनुभयो ?***

विद्यार्थीकालमा भूमिगत समय थियो । जनता महाविद्यालय विजौरीमा पढ्दाखेरी विद्यार्थी साथीहरुको संगतले म कम्युनिस्ट राजनीतिमा लागेको हुँ । त्यसबेला त्यहाँ छात्र संघ थियो । छात्रसंघको तल्लो कमिटीमा बसें । तर त्यो अलि बढी कांग्रेस पक्षधर रहेछ तर अरु पनि बस्न पाउने खालको विद्यार्थी संगठन थियो । अनेरास्ववियु गठन हुँदा मेरा विद्यार्थी जीवन पनि सकियो । प्यूठानका खड्गबहादुर जि.सी.ले अनेरास्ववियुकोबारेमा धेरै कुरा गर्नुहुन्थ्यो । तर उहाँपछि पञ्च हुनुभयो ।

***पार्टीका साथीभाइहरूलाई अहिलेको अवस्थामा सल्लाह दिनु पर्ने कुरा के छ ?***

क्रान्तिकारी कम्युनिस्ट आन्दोलन कमजोर अवस्थामा छ । यो स्थितिमा क्रान्तिकारी कम्युनिस्ट आन्दोलनलाई बलियो बनाउन र क्रान्ति गर्न योग्य पार्टी बनाउन साथीहरुले पूरै मिहेनत गर्नुपर्नेछ । चौतर्फी रुपमा दक्षिणपन्थी संशोधनवादले कम्युनिस्ट आन्दोलनलाई घेराबन्दीमा पारेको छ । दक्षिणपन्थी संशोधनवादका विरुद्ध लड्दै क्रान्तिकारी धारालाई मजबुत बनाउनु पर्दछ ।

*-हाँक टुडेबाट*

# क्रान्तिकारी लफ्फाजीभित्र दक्षिणपंथी संशोधनवाद



● हेमन्तप्रकाश ओली 'सुदर्शन' ●

"लुतो एउटा पीडादायी रोग हो । जब मानिसहरु क्रान्तिकारी लफ्फाजीको लुतोले ग्रसित हुन्छन् तब यो रोग देख्नेबित्तिकै असह्य पीडा हुन्छ"- लेनिन, लुतो-१९१८, प्रगति प्रकाशन मास्कोद्वारा १९६५ मा प्रकाशित लेनिन संकलित रचनाहरुको अंग्रेजी संस्करण, ग्रन्थ २७, पृ.३६ ।


लेनिनले ब्रेष्टलितोभ्स्तक सन्धीका सन्दर्भमा ट्राट्स्कीपंथीहरुलाई लागेको क्रान्तिकारी लफ्फाजीको लुतोबारे चर्चा गर्दा माथि उद्धृत उद्धरण संश्लेषण गर्नुभएको थियो । ट्राट्स्की र बुखारिन रुपमा त क्रान्तिकारी तथा रुसको एक इन्च जमिन पनि जर्मनीलाई नदिएर सन्धी गर्न चाहने राष्ट्रवादी थिए भने सारमा जर्मनेली शासकहरुसँग मिलेर वैज्ञानिक समाजवादको शिशु हत्या गर्न चाहन्थे । लेनिन र स्टालिन सारमा क्रान्तिकारी हुनुहुन्थ्यो भने रुपमा तत्काल रुसको केही भू-भाग गुमाएर पनि जर्मनीसँग सम्झौता गरी वैज्ञानिक समाजवाद जोगाउन चाहनुहुन्थ्यो । आखिर खतरनाक कार्यनीतिक खेल नखेलीकन राजनीतिक रणनीति प्राप्त हुन सक्तैन ।

नेपाली सर्वहारा तथा उत्पीडित जनताको अग्रदस्ता क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा रहेका केही जिम्मेवार कमरेडहरु क्रान्तिकारी लफ्फाजीको लुतोले ग्रसित भए । कन्याउँदा-कन्याउँदा औडाहाले असह्य भएर "एकता असफल" भएको घोषणा गरे । लुतोको औडाहाले प्रकट भएको यो वाक्यांशलाई "दुरदर्शी संश्लेषण" भनी आफ्नो विस्तारित बैठकमा आत्मप्रसशां गरेका छन् । यसभित्र जनतामाझ एकता विरोधी भइने डर छिपाइएको छ । सार र रुप नमिलेको नाम राखेका कन्चनले यो क्रान्तिकारी लफ्फाजीको लुतोले ग्रस्त लुते गुटको नेतृत्व गरेका छन् । आफूलाई वैज्ञानिक समाजवादी, क्रान्तिकारी, रुपान्तरणकारी र मार्क्सवादको पण्डित ठान्ने "सृजनशील मार्क्सवादी" ले आफूले बोलेको कुरालाई ब्रह्म वाक्य ठान्दै कहिल्यै पनि टसको मस गर्न नयार हुँदैनन् । उनले क. किरणलाई जडसुत्रवादी, संसदवादी, पुरातनपंथी, संकीर्णतावादी आदि आरोप लगाएर 'अह्राई बुद्धि, सिधाई सामल कति होला फारो' भन्ने नेपाली उखानलाई पुस्टि गरेका छन् । सारमा केही सहमति गरेर भएपनि क. किरण नेतृत्वको पार्टीले एकतालाई जोगाउन चाहन्थ्यो भने कञ्चन मण्डलीले एकतालाई भाँड्न चाहन्थ्यो भन्ने कुरा उनीहरुको व्यवहारले पुष्टि गऱ्यो ।

कन्चन गुट फुटवादी नै हो । नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) बीच एकता भएको केही दिनपछि कन्चनले पूर्व बहुमतको कार्यालयको अलग बैठकलाई निरन्तरता दिने प्रस्ताव ल्याएका थिए । मैले आवश्यकता पऱ्यो भने नेतृत्वको स्वीकृतिमा बसौंला, तर निरन्तर बस्नु एकताविरोधी क्रियाकलाप हुन्छ भनेको थिऐँ । कन्चनले केहीलाई लिएर अलग बस्ने र गुटबन्दीजन्य क्रियाकलापमा संलग्न भइरहेको पनि पुष्टि भएको छ । विभिन्न जनवर्गीय संगठनहरुमा रहेका, पार्टी एकता मन नपराएका र वाध्यात्मक अवस्थामा संगठनमा रहेकाहरुबाट 'अह्राई बुद्धि सिधाई सामल' को नीति अनुसार फुटको बीउ छर्ने काम भइरहेको प्रस्ट देखिएको थियो । यसबाट पार्टी र जवसका केही व्यक्तिहरु प्रभावित त छँदै थिए, त्यसमा बाह्य तत्वको पनि मिसावट भयो । दोस्रो पटक कन्चन म कहाँ आएर बैठक बस्ने प्रस्ताव ल्याए । उनले 'किरणजीहरु आफ्नो पूर्व पार्टीको बैठक बसिरहनुभएको छ । हामी पनि बसौं, केही फरक पर्दैन भनी प्रस्ताव राखे । मैले 'अब कसैले पनि यसरी पूर्व समूहको बैठकलाई निरन्तरता दिनु गुटबन्दी हुन्छ भनिदिऐँ । यसले उनको गुटवादी चिन्तनमाथि ठक्कर दिएको थियो । त्यतिबेलासम्म उनी नेतृत्वको महत्वकाङ्क्षाले ग्रस्त भइसकेका थिए । यसपछि उनले अपारदर्शी भेटघाट, पूर्वसमुहको बैठक, अराजक दौडधुप र पार्टीको संस्थागत निर्णय विरुद्धका वक्तव्यबाजी गर्न थाले । भर्खरै विद्रोह गरेको पूर्व पार्टी नेकपाका नेताहरुसँग नियमित सम्पर्कमा रहे । एकता पछि नेतृत्वको सल्लाहविना नै यो सबै भइरहेको थियो । पूर्ब (बहुमत) को भेलामा अस्वीकृत भइसकेको 'कार्यकारी राष्ट्रपतिको चुनाव' जस्तो संसदवादी नारा पनि उनले भट्याई नै रहे । माओवादी केन्द्र निकट 'ज्ञान केन्द्र' ले आयोजना गरेको एक अन्तरक्रियामा 'म पनि राष्ट्रपतिको उम्मेद्धार हुँ' भन्ने संसदवादी उद्घोष गरे । यसले माधव र प्रचण्डहरुलाई खुशी तुल्याएको थियो किनभने उनीहरुको समर्थक बढ्यो । उनीसहितको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको कार्य सम्पादन मण्डलको पछिल्लो बैठकमा समेत प्रचण्डप्रति नतमस्तक हुँदै 'हिजो सदनमा प्रचण्डले कार्यकारी राष्ट्रपतिको नारा उठाए' भन्दै खुशी प्रकट गरिरहेका थिए । प्रवक्ताको हैसियतले दिएको एउटा वक्तव्यमा उनले भनेका थिए-'एमसीसी सम्झौता संसदले पारित गरेको होइन, शेरबहादुर देउवा र प्रचण्ड पनि यसका विरोधी हुन्' भन्ने कुरा लेखी दिउसै रात पार्ने काम गरेका थिए । जसले गर्दा उनी ठाउँ ठाउँमा पङ्गु भएका थिए । उनी वास्तवमा वैज्ञानिक समाजवादको क्रान्तिकारी लफ्फाजीभित्र लुकेका दक्षिणपंथी संशोधनवाद परस्त प्रवृत्तिका प्रतिनिधि हुन् ।

श्री कन्चन वैज्ञानिक समाजवादको विषयमा कुनै ज्ञान भएका व्यक्ति होइनन् । यो उनले प्रस्तुत गरेको वैज्ञानिक समाजवाद सम्बन्धि प्रस्तावबाट पुष्टी हुन्छ । एङ्गेल्सले हामीलाई मार्गदर्शन गर्दै आफ्नो प्रसिद्ध कृति 'ड्युहरिङ मतखण्डन' मा भन्नुभएको छ-"सामाजिक परिवर्तन र राजनीतिक क्रान्तिका अन्तिम कारणहरु मानिसको दिमागमा, मानिसको साश्वत सत्य र न्याय सम्बन्धी अन्तरदृष्टिमा खोज्न हुँदैन, बरु उत्पादन प्रणाली र विनिमयका परिवर्तनहरुमा खोज्नुपर्दछ । तिनलाई दर्शनशास्त्रमा होइन, बरु हरेक विशिष्ट युगको अर्थशास्त्रमा खोज्नुपर्दछ" -प्रगति प्रकाशन मस्कोद्वारा १९८७ मा प्रकाशित मार्क्स-एंगेल्स संकलित रचनाहरुको अंग्रेजी संस्करण, ग्रन्थ २५, पृ.२५४ । यो मार्क्सवादी सश्लेषण अनुसार राजनीतिक कार्यदिशा वा सामाजिक परिवर्तनको कार्यदिशा श्री कन्चन वा क. किरणको दिमागमा खोजेर पाइदैन । ती चीज दर्शनशास्त्रमा पनि भेटिनैनन् । क्रान्तिको कार्यदिशा उत्पादन प्रणाली र विनिमयका परिवर्तनहरुमा खोज्नुपर्दछ, हरेक विशिष्ट युगको अर्थशास्त्रमा खोज्नुपर्दछ । हाम्रो पार्टीको अनुसन्धान टोलीले अनुसन्धान गरेको र पार्टीले हासिल गरेको ज्ञान भनेको नेपालको अर्थ सामाजिक स्थिति नव औपनिवेशिक रहेको छ । यसरी नै नेपालको अर्थ राजनीतिको विश्लेषण गर्दा, अर्थात् वर्गविश्लेषण गर्दा दलाल तथा नोकरशाही पूँजीपतिवर्ग र नेपाली श्रमजीवी तथा शोषित उत्पीडितवर्गविचको अन्तरविरोध नै प्रधान अन्तरविरोध हो । यो कुरा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा एकताबद्ध पूर्व तीन पार्टीले नै स्वीकृत गरेका छन् । ऐतिहासिक जनयुद्ध र जनान्दोलनबाट आएको मात्रात्मक परिवर्तन; भूमण्डलीकृत साम्राज्यवादको अति केन्द्रीकरण तथा अति एकाधिकारवाद; विकेन्द्रीत उत्पादन र केन्द्रीकृत वितरण, उत्पादन प्रणालीमा विज्ञान र प्रविधिको संयोजन; अर्थ निर्देशित राजनीतिको कारणले वैज्ञानिक समाजवाद सन्निकट छ । प्रधान अन्तरविरोध नेपाली श्रमजीवी तथा शोषित-उत्पीडित जनता र दलाल तथा नोकरशाही पूँजीवादका बीच हो भन्ने कुरामा विवाद छैन *बाँकी ५ पेजमा*

# को हुन् भीमदत्त पन्त ?



● नरेन्द्रजंग पिटर ●

'बम्बै जाने रेलगाडीमा दिल्लीको माल आयो, गरीबका दिन आया... ठालुको काल आयो ।' 'कि त जोत हलो, कि त छोड थलो, यदि हैन भने अब छैन भलो' ) -भीमदत्त पन्त

नेपालीस्पार्टाकस-भीमदत्तलाई राजनीतिक व्यवसाय नबनाउ ! आफ्नाहित अनुसार व्यक्तित्वको प्रयोग गर्नु अपराध हो भने हितअनुकूल इतिहास व्यवस्थापन महाअपराध । व्यक्तिको व्यक्तित्व विकाससँगै भीमदत्त ३ भूमिकामा देखिए । कुनै नायक वा सहिदलाई सम्मानमा स्यालुट मार्नु भनेको उनको आर्दशलाई मन, वचन र कर्मले नै पछ्याउनु र जीवन व्यवहारमा उर्तानु हो ।

जव पोस्टरलाई स्यालुट गरिन्छ र आर्दशलाई धोती लगाइन्छ तव त्यहाँ ऐतिहासिक अपराध भइरहेको हुन्छ । त्यस्तै आफ्ना हितअनुसार पन्तलाई पनि बिर्सने, बहसबाट खारेज गरिदिने, सम्झे पनि आदर्शको खिल्ली उडाउने, अंश लगाउनेले एकपक्षलाई सम्पति बनाउँछन् भने अर्को पक्षलाई खारेज गरिदिन्छन्...यही हो नेपाली स्पार्टाकसमाथि भइरहेको अपराध । सशस्त्र किसान विद्रोहका पन्तलाई एउटा चश्माबाट नियाल्न या त अध्येताको आग्रह या उनको सीमा समस्या भनेर बुझ्नपर्ने हुन्छ । आज उनको सहादत दिवस । नेपाल सरकारले पन्तलाई २०७२ फागुन १९ गते उनलाई सहिद घोषणा गरेको हो । साउनको १७ गते बिहान, आजको ६५ वर्ष पहिला । वर्षेझरीले झाडी बनेको बुडर नजिकैको गैलेकको जङ्गल । जङ्गलभित्रको कटेरो ।

भारत-नेपालका दुई, दुई देशका सेनाले संयुक्त अपरेसन गरेर खोजिरहेको विद्रोही व्यक्ति भीमदत्त पन्त, हमजाली मगरको त्यही कटेरोमा खाना खाँदै छ । झरीले भिजेको कार्तुसहरू छेवैमा सुकाउँदै पनि छ । सन्याङसुरङको अवाजले ऊ झस्किन्छ । सचेत हुन नपाउँदै घेरामा परिसकेको र उम्कन नसक्ने अवस्थामा पुगेको बुझिसक्छ । आएका मान्छेहरू ऊ राम्रैसँग चिन्छ । कुराकानीमा अल्मल्याउने र उम्कने दाउ पनि खोज्छ । लेखक आफ्नै मीत भनिने लालबहादुर थापा र झम्वा दियालले मारी त के हाल्लान् भन्ने पनि उसको सोच हुन्छ । किसानहरू, हेपिएका र दबिएकाहरू नै त किसान सेनाका लडाकु थिए भने अझ लालबहादुर र झिम्वा त उसका आफ्नै मीत थिए । घरकै छेद नै विभीषण भए पन्तको खोजी गर्न र ठेगान लगाउन सक्छन् भन्ने वैरीले सोचेर उनीहरूलाई प्रयोग गरेका हुन्छन् । ठालुका नुन खाएका र सरकारी सिन्दुर पहिरिएका भए पनि मारी त हाल्दैनन् भन्ने सोच लम्पट भइसकेकाहरूमा लागू हुँदैनथ्यो । पन्तले आफना केही कुरै राख्न नपाई, सचेतसमेत हुन नपाई लालबहादुरको बन्दुकले एक्कासि गोली ओकल्छ र रगतको फोहोरा हमजाली मगरको घरमा छुट्छ । एकछिन पहिला शान्त रहेको घर एकाएक आतंक, चिच्याहट र रक्तकुण्डमा फेरिन्छ ।


भीमदत्त ढल्छन् । पाँच हजार कम्पनी रुपैयाँको लोभमा फसेर एउटा लम्पटले तीन तीनवटा आन्दोलनका पश्चिमेली नेता, कमाण्डर र २००७ सालको मुक्तिसङ्घर्ष पछाडिका पहिलो गभर्नर अर्थात् आफ्नै मीत भीमदत्त पन्तको २०१० साल साउनको १७ गते बिहान इहलिला समाप्त गरिदिन्छ । हत्या गरेर मात्र उनीहरू शान्त हुँदैनन्, झिम्वा दयालले कम्मरमा भिरेको खुकुरी फुत्त निकालेर लास बनेर ढलेका भीमदत्तको गर्दनमा छप्काउँछ । शरीरबाट छुट्टिएको पन्तको टाउको किसान ऐरलाई बोकाएर हत्यारा जत्था डडेल्धुरा खलङ्गातिर लाग्छन् । भीमदत्तको टाउको लिएर गएको जत्था १८ गते दिउँसो खलङ्गा पुग्छ । त्यहाँका ठालुहरू विष्ट, कठायत र थापाहरूले भोजभतेर सुरु गर्छन् भने आमकिसान, दलित र गरिबहरूमा भने शोकको लहर छाउँछ । डडेल्धुरा गौँडा गोश्वरा अगाडि एउटा बाँसको लिङ्गो गाडिन्छ । आँखा बन्द भएको टाउको उनीहरूलाई आतंक बन्छ र कप्टेराले आँखा खोलेर उनको टाउको लिङ्गोमा सिउरेर 'देशद्रोह र राजद्रोह गर्नेलाई यस्तै सजाय हुन्छ' भन्ने कुरा लेखी सोही लिङ्गोमा झुण्ड्याइन्छ ।

सार्वजनिक प्रदर्शनमा टाउको झुण्डायाइसकेपछि बडाहाकिम मोहनबहादुर सिंहले लालबहादुर थापालाई आफनै मीतको हत्या गरेर टाउको बुझाएकोमा ५ हजार रुपैयाँ बक्सिस दिन्छ । तीन दिनसम्म लासको रमिता देखाएर प्रशासन र ठालुहरूले उनकी श्रीमती पार्वतीदेवीलाई ३१ वटा सर्तमा औँठाछाप लगाई सदगद् गर्न टाउको दिन्छन् । धर्मदेव पन्तले टाउको बोक्छ । आतंकको बीचमा पनि सिद्धराज पन्त, शिवराज उप्रेती, सोबे सार्की भूल र झकिरे दमाई मलामी जान्छन् । हजारौं किसान सेनाको कमाण्डरको अन्त्येष्टिमा सहभागी हुनबाट सबैलाई आतंकले रोकिदिन्छ । डोटी घटाल बाबा मन्दिर छेउमा उनको अन्तिम संस्कार हुन्छ । यसरी मारिएका पन्तको हत्यालाई सरकारले साउन २० गते जङ्गलमा सेना र प्रहरीको भिडन्तमा पन्त मारिए भने पनि २४ गतेको नेपाल पुकारमा भने भीमदत्त देशद्रोही नभएको र राष्ट्रवादी भएको खबर प्रकाशित भयो । सो कारबाहीका लागि भारतबाट आएका सेना साउनको २७ गते फिर्ता भए ।

को हुन, भीमदत्त पन्त ?

डडेल्धुरा जिल्ला सदरमुकाम खलङ्गाको दक्षिण मोहडामा डोटी घटाल भन्ने गाउँ पर्छ । त्यसैकौ एउटा टोलको नाम हो-कारी गाउँ । त्यहीँ तारानाथ पन्त र सरस्वतीका एक्लो छोराको रूपमा उनको जन्म १९८३ साल मंसिर १० गते भएको हो । कुनैबेला राणकालीन कर्मचारी तारानाथको सरकार र ठालुहरूमा राम्रै पहुँच थियो । हुनेखाने मै उनी गनिन्थे । ५ वर्षमै मातृविहीन बनेका पन्तलाई सीमावर्ती भारतीय भूमि सिगाइँमा आफन्तको संरक्षणमा पढाइका लागि पठाइयो । सिगाइँमा रानी सुरत कुमारीका पुरोहित जेठाबाबाको रेखदेख र सुरत कुमारीको सहयोगबाट उनको प्रारम्भिक पढाइ लेखाई भयो । त्यसैबेला भारतमा स्वतन्त्रता संग्रामको राँको दन्किरहेको थियो । किशोर र युवाहरूका नायकमा भगत सिंह फेरिइसकेका थिए भने अर्कातर्फ दशरथ चन्दको फाँसीले पश्चिममै हलचल ल्याएको थियो । त्यसको असर विद्रोही स्वभावका भीमदत्तलाई नपर्ने कुरै भएन ।

उनको विद्रोहको थालनी सिगाइँबाटै सुरु भयो । रानीलाई खुसामत र आश्रतिलाई दमन गर्ने जेठाबाबुको आचार, विचार र व्यवहार उनलाई पटक्कै मन



परेको थिएन । उनको सञ्चित रकम सामान्य गरिबगुरुवालाई बाँडी दिएर भीमदत्तले विद्रोही स्वभावको सुरुवात सिगाइँबाटै गरे । १५ वर्षको उमेरमा १९९८ सालमा उनले म्याट्रिक पास गरेका थिए । बाबु तारानाथ बितेपछि मात्र उनलाई आफ्नो खेत बन्दकी रहेको कुरा थाहा भयो । ठालु विष्टहरू उनको एकातर्फ विद्रोही स्वभावबाट झस्केका मात्र थिएनन् उनको सामाजिक हैसियत समाप्त पार्न पनि चाहन्थे, अर्कोतर्फ खेत हत्याउन । उनले अपमान सहनुभन्दा खेत बेचेर रकम बुझाउलान् भन्ने विष्टहरूले पत्याएकै थिएनन् । राणाका चौधरी बनेका बाउको ऋण ६ सय तिर्दाप नि अझ बाँकी रहेको भनेपछि विद्रोही पन्तलाई सहिनसक्नु हुने नै भयो । त्यसबेलासम्म उनी गाउँमा समाज सुधारक, शिक्षाप्रतिको जागरुक र अन्यायविरोधी हक्की युवाका रूपमा चर्चित भइसकेका थिए । गरिब, दलितले उनलाई आशाका नजरले हेर्न थाल्दा विष्ट, कठायत र थापाको आँखाका कसिङ्गर बनेका थिए । बाउ बित्नु, ऋण तिर्नु तर ऋण नसकिनु पन्तलाई सह्य भएन । अगाडि अध्ययन बढाउन २००१ सालमा फेरि उनी भारततिर लाग्छन् १२ वर्षमै बिहे गरेकी श्रीमती पार्वतीदेवीलाई सौतेनी आमासँगै छोडेर । भारतमा आन्दोलनको राप र ताप त्यसबेला अझ बढेको हुन्छ र उनी अध्ययन छाडेर भारतीय स्वतन्त्र सङ्गाममा हाम फाल्छन् र गिरफ्तार परी १८ महिना इलाहावाद जेल पर्छन् ।

भारतीय जेलबाट रिहाइ भएपछि राजनीतिक चेतनाले भरिएका पन्त सिधै नेपाल फर्किन्छन् । त्यसेबेला राणाविरोधी पश्चिममा सशस्त्र आन्दोलन चर्किएको थियो । कमाण्डर रूपसिंह सिजापति, शेखर शर्मा र गौरीलालको समूहमा उनी पनि सहभागी हुन्छन् । विद्रोही स्वभाव, तर्कशीलता र जनशैलीले छिटै क्रान्तिकारीको हृदय जित्न उनी सफल भएपछि अझ पहिलेकै लोकप्रियताले पनि काम गरेको थियो । ठालुहरू पैसा बुझाउँदा पनि तमसुक नच्यातेको र विद्रोही पन्त अलप भएको देखेर पहिलादेखि नै आतंकित थिए नै । २००७ साल पुस २६ गते डडेल्धुरालाई मुक्ति सेनाले कब्जामा लिएपछि भीमदत्त गभर्नर र टीकादत्त भट्ट, कीर्तिबहादुर विष्ट, पहलमान कटुवाल, जयराज जोशी, गुणकर पन्त, डम्बरबहादुर बोगटी, भक्तबहादुर मल्ल सामेल भएको अन्तरिम व्यवस्था सञ्चालन गर्ने अस्थायी सरकार बन्यो । ब्रहमदेव मण्डीको अचाक्लीको नियन्त्रण, अर्कोतर्फ लोकप्रताप विष्टको दमिनीसँगको लसपसमा सामाजिक न्याय दिलाउनुले ठालुहरू चिढिएका थिए नै । जातपात, छुवाछूतको हस्तक्षेपले धर्मभिरु र ठालुहरू रिसाउने र आतंकित भएका थिए । परिवर्तन पछाडि पनि सरकारले परिवर्तनको आभास दिन सकेको थिएन ।

जब उनले जनताको पक्षमा काम गर्न थाले नेपाली कांग्रेसको सरकारले रक्षा दल, सिद्धि गणेशको फौजले २००८ भदौमा आफ्नै गर्भनरलाई ठालुको उक्साहटमा गिरफ्तार गरी अड्डासार गर्दै काठमाडौं चलान गर्दछ । केही समय हनुमान ढोकाको जेलजीवनपछि उनको कम्युनिस्ट नेताहरूसँग छलफल भएर उनी पुनः आफ्नै कर्मथलो सुदूरपश्चिम फर्किन्छन् । जब उसले जनताको पक्षमा काम थालनी गर्छ, ठालुहरूको उक्साहटमा आफ्नै सहयोद्धाबाट गिरफतार भएर आफ्नै सरकारको बन्दी बन्दछ । त्यसपछि ऊ कांग्रेस त्याग गर्दै नयाँ विद्रोहको सपना देख्दै नयाँ बाटोमा लम्कन्छ । उनको ब्रहमदेव मण्डीमा तेलङ्गना किसान विद्रोहका कृष्णस्वामी अयङ्गरसँग भेट हुन्छ । पछिल्लो विद्रोहको सैद्धान्तिक आधार र प्रेरणा भीमदत्तले अयङ्गरबाट पाउँछन् । यसरी एउटा विद्रोही युवा मुक्तिसेनाको योद्धादेखि डडेल्धुराको गभर्नरसम्म बन्दै फेरी अर्को किसान आन्दोलनमा होमिन्छ ।

अन्तिम विद्रोह 'किसान राज, जिन्दावाद' भन्दै जय जनता भनेर अभिवादनको चलन चलाएका भीमदत्तले २००८ को अन्तिमतिर कैलाली, कञ्चनपुर र डडेल्धुरालाई केन्द्र बनाएर थालेको सशस्त्र किसान विद्रोहले थोरै समयमा सामन्त, जिम्दार, पटवारी र सरकारलाई आच्छुआच्छु बनायो । सो क्षेत्र किसानहरूको नियन्त्रणमा आयो । तमसुक च्यात्ने आन्दोलन चल्यो भने तमसुक नच्यातेर जनतालाई दुःख दिनेहरू आन्दोलनको निसानामा परे । बहृमदेव मण्डीको कोटाको व्यवस्था, भन्सार ठेकदारको अचाक्ली, ठेकदार र कर्मचारीको मिलेमतोको विरुद्ध उनको अभियानले जनताको मनोभावलाई छोयो भने सुब्बा जयदेव भद्ध, डिठ्ठा धर्मीसिंह रावल, सुवेदार जोगराज ऐरविरुद्धको सशक्त कारवाहीले आन्दोलन हलक्क बढ्यो ।

'रोजीरोटी कपडा दे, नत्र गद्दी छोडी दे' 'गरिब किसान राज, शोषक सामन्ती मुर्दावाद' जस्ता नारा चौतर्फी लाग्न थाले । आन्दोलन चर्किदै जाँदा उनलाई २००९ साल चैत २७ गते झुक्याएर गिरफ्तार गरियो तर धर्य शमशेरलाई छक्याउँदै बिलौरी जेल तोडेर २०१० साल असार तेस्रो हप्ता पन्त भाग्न सफल भए । जब उनी डडेल्धुरा पुगे पुनः त्यहाँ सामन्त र बडाहाकिम मोहनबहादुर सिंहको गठजोडमा गिरफतार परी बिलौरी जेल चलान गरियो । जोगबुढा पुग्दानपुग्दै सिपाहीलाई प्रभाव पारेर उनीलगायत सहयोद्धा मुल्ली प्रधान र गर्भु राना उम्कन सफल भए । तब किसान विद्रोह अझ सशक्त भयो । किसान सेनामा सबै जातजातिका उत्पीडित साथै थारु, मगर र दलितको उल्लेखनीय सहभागिता रहृयो । कम्युनिस्टले कब्जा गर्न थाले भनेर मात्रिका कोइरालाको कांग्रेस सरकारले भारतसँग सैनिक गुहार माग्यो । नेपाली सेनाका सेनापति किरण शमशेरले बरेलीमा बसेर संयुक्त कमान गरे ।

जब दक्षिणबाट भारतीय सेना र उत्तरबाट नेपाली सेनाले दबाब बढायो तब छापामार आन्दोलनको रूपमा किसान आन्दोलन फेरियो । सयौंको गिरफ्तारी भयो । आन्दोलनको कमाण्डर र नेता भीमदत्त पन्त आफना सहयोगी बहादुरे खत्री र मोहनसिंह सेठीसँग उत्तर गैलेकको जङ्गलमा आश्रय लिन पुगे । बाहिरको खबर बुझ्न डडेलधुरा गएका सेठी गिरफ्तार परे भने बहादुरे पनि अन्तिम समय अन्यत्र काममा खटाइएका थिए, पन्तसँग थिएनन् । आन्दोलनकै क्रममा उनका दुई छोरा प्रेमराज र लीलाराजको मात्रै हैन छोरी रेवाको समेत मृत्यु भयो । रोमका स्पार्टाकसले झैँ नेपाली धरतीमा किसानराजको लागि जमेर पन्तले लडे । सामन्त रक्षामा उत्रेको नयाँ सरकार र उसलाई रक्षा गर्ने विदेशीले संयुक्त आक्रमण गरे । किसान आन्दोलनमाथि धावा बोले । स्पार्टाकसलाई झैं भीमदत्तलाई पनि प्रदर्शनको विषय बनाउन दुष्टहरूले कायरझैँ हत्या मात्र गरेनन्, उनको शिर बाँसमा उधिनेर ३ दिनसम्म प्रदर्शन समेत गरे ।

आखिर स्पार्टाकसले वारिनियालाई आफनो सन्तान जोगाएर भविष्यलाई सन्देश दिन भने तर भीमदत्तले भने आफ्ना सन्तानको अनुहार हेर्नसमेत जान भ्याएनन् । सहयोद्धा र हरेक स्वप्नद्रष्टा नै आफ्ना आन्दोलनको मर्म आन्दोलनकै उत्तराधिकारी र हकवाला बनाएर उनी सहिद भए । क्रान्तिलाई नै जब एउटा क्रान्तिकारीले परिवार सोच्दछ तब अनुयायीहरूमा नेतृत्वप्रति चरम आस्था बढ्दछ र कस्तै त्याग गर्न पनि अनुयायीहरू पछाडि पर्दैनन् । त्यस्ता थिए- भीमदत्त पन्त । जहाँ अन्यायको विरोधमा स्वाभिमानको जाग्दछ त्यहाँ भीमदत्त स्पार्टाकसझैँ रक्तबीज भएर देखिने गरेका छन्, देखिने छन् ।

## प्यालेष्टाइन...

केन्द्रको निरीक्षण गरेको केहि घण्टामै गाजाको दक्षिणी शहर राफाहमा सोही केन्द्र नजिक इजरायली सेनाले गोली हानी तीनजना प्यालेष्टिनीको हत्यागरेको थियो । संयुक्त राष्ट्रसंघले जीएचएफको कार्यप्रणालीप्रति गम्भीर आपत्ति जनाउँदै सहयोग नगर्ने निर्णय गरिसकेको छ । उसले जीएचएफले मानवीय तटस्थता विपरीत जोखिमपूर्ण ढंगमा सहायता वितरण गरिरहेको र सोही कारण सहायता लिँदैआएका एक हजारभन्दा बढी मानिस मारिएको आरोप लगाएको छ । त्यसैगरी अमेरिकाले प्यालेष्टिनी स्वशासन निकाय तथा त्यसका अन्तर्राष्ट्रिय प्रतिनिधि संस्थामाथि प्रतिबन्ध लगाउने घोषणा गरेको छ । ति प्रतिबन्धहरु ओस्लो शान्ति सम्झौताअनुसार स्थापना गरिएको प्यालेष्टिनी प्राधिकरण (पीए) र त्यही प्रक्रियाबाट फिलिस्तीनी जनताको आधिकारिक प्रतिनिधिकारुपमा मान्यता पाएको फिलिस्तीन मुक्ति संगठन (पीएलओ) दुवैलाई लागूहुने भनिएको छ । अमेरिकी विदेश मन्त्रालयले (पीए) सदस्यहरु र (पीएलओ) का अधिकारीहरुलाई भिसा नदिनेसमेत घोषणा गरेको छ । सो निर्णय फ्रान्स-साउदी नेतृत्वमा संयुक्त राष्ट्रसंघमा भएको सम्मेलनपछि आएको हो । जुन सम्मेलन भविष्यमा दुई राष्ट्र समाधानको पक्षमा समर्थन जुटाउन आयोजित गरिएको थियो । उक्त सम्मेलनपछि फ्रान्स, बेलायत र क्यानडाले यस बर्षको अन्त्यसम्म शर्तसहित स्वतन्त्र, निर्शस्त्र प्यालेष्टिनी राज्यको मान्यता दिने प्रतिबद्धता जनाएका थिए ।

अमेरिकाले संयुक्त राष्ट्रसंघको बैठकमा सहभागी देशहरुले इजरायल विरोधी भनिने घोषणाहरु गरेमा कूटनीतिक परिणाम भोग्नुपर्ने चेतावनी दिएको थियो । सोही समयमा अमेरिकी विदेश मन्त्रालयले जारीगरेको एक बक्तव्यमा पीए र पीएलओ ले अन्तर्राष्ट्रिय फोरमहरु जस्तै अन्तर्राष्ट्रिय अपराध अदालत (आईसीसी) र अन्तर्राष्ट्रिय न्यायालय (आईसीजे) मार्फत इजरायलसँगको द्वन्दलाई अन्तर्राष्ट्रियकरण गरेको आरोप लगाइएको छ । पीए र पीएलओ ले आतंकवादको समर्थन गरेको, पाठ्यपुस्तकहरुमा हिंसाको प्रशंसा गरिएको र इजरायलविरुद्ध आक्रमणगर्ने व्यक्तिहरु तथा उनीहरुका परिवारहरुलाई भत्ता प्रदान गरिएको अमेरिकाले आरोप लगाएको छ । सन् २०२५ को शुरुवातमै ट्रम्प प्रशासनले वेष्ट बैंकमा प्यालेष्टिनीहरुलाई हत्यागर्ने इजरायली बासिन्दाहरुमाथि लगाइएको प्रतिबन्ध हटाएको थियो । त्यसैगरी अमेरिकाले प्यालेष्टिनी प्राधिकरण (पीए) र प्यालेष्टाइन मुक्ति संगठन (पीएलओ) माथि पनि प्रतिबन्ध लगाउने घोषणा गरेको छ । जबकी ओस्लो शान्ति सम्झौता अन्तर्गत पीए स्थापना भएको थियो । पीएलओलाई प्यालेष्टिनी जनताको आधिकारिक प्रतिनिधि मानिन्थ्यो । बदलामा पीएलओ इजरायललाई मान्यता दिन सहमत भएको थियो । अमेरिकी विदेश विभागले यो प्रतिबन्धपछि भिसा जारी नगरिने जनाएको छ । जसले प्यालेष्टिनी अधिकारीहरुलाई अमेरिका आउजाउबाट रोक्ने छ । इजरायलका विदेशमन्त्री गिदोन सारलेभने अमेरिकाको पछिल्लो निर्णयको स्वागत गर्नुभएको छ । गत हप्तामात्र फ्रान्सले प्यालेष्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने घोषणा गरेको थियो । फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रोंले आगामी सेप्टेम्बरमा औपचारिकरुपमा प्यालेष्टाइनलाई स्वतन्त्र मुलुकको मान्यता दिने बताउनु भएको छ । वर्ल्ड पपुलेसन रिभ्युको तथ्यांकअनुसार विश्वका संयुक्त राष्ट्रसंघको सदस्यता लिएका १९३ मध्ये करिब १४७ मुलुकले प्यालेष्टाइनलाई स्वतन्त्र मुलुकको मान्यता दिएका छन् । तर अमेरिकी दादागिरीका कारण त्यसको कार्यान्वयन हुन सकिरहेको छैन । अरब समूहका सबै देश, इस्लामिक कोअपरेसन अगर्नाइजेसन र असंलग्न आन्दोलन पक्षधर मुलुकहरुले प्यालेष्टाइनलाई स्वतन्त्र राज्यकारुपमा स्वीकारेका छन् । गतबर्षमात्र आयरल्यान्ड, नर्वे र स्पेनले प्यालेष्टाइनलाई स्वतन्त्र राष्ट्रको मान्यता दिने घोषणा गरेका थिए । केही पश्चिमा र युरोपेली मुलुकहरुलेमात्र प्यालेष्टाइनलाई स्वतन्त्र मुलुकको दर्जा नदिएको अवस्था छ ।

नेपालले पनि औपचारिकरुपमा प्यालेष्टाइनलाई स्वतन्त्र राष्ट्र मानेको छ । तर ब्यवहारमाभने इजरायललाई सघाएको देखिएको छ । यसअघिको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकारले त प्यालेष्टाइनहरुलाई 'आतंककारी' समेत घोषणा गरेको थियो । स्पेन, आयरल्यान्ड र नर्वेले मे २०२४ मै प्यालेष्टाइनलाई छुट्टै राष्ट्रको मान्यता दिएका थिए । त्यसअघि सोभियत गठबन्धनमा भएका केही युरोपेली राष्ट्रले सन् १९८८ मा प्यालेष्टाइनलाई मान्यता दिएको पाइएको छ । अष्ट्रेलियाले हालैमात्र प्यालेष्टाइनलाई राष्ट्रको मान्यता दिनसकिने संकेत गरेको छ । गत बर्ष युरोपेली संघको बैठकमा भेला भएका स्पेन, आयरल्यान्ड, माल्टा र स्लोभेनियाका नेताहरुले पनि प्यालेष्टाइनलाई सबै परिस्थिति सहज भएको अवस्थामा अलग राज्यको मान्यता दिनेबारे पहलगर्न सकिने बताएका थिए । युरोपियन काउन्सिल अन फरेन रिलेशन्सका एक वरिष्ठ नीति अनुसन्धाता ह्यू लोभाट यो प्रश्नकै विषय हो भन्नुभएको छ । उहाँले अमेरिकाले राष्ट्रसंघमा सदस्यताको बाटो रोक्दा युरोपेली सदस्यहरुले प्यालेष्टाइनलाई द्विपक्षीयरुपमा भए पनि मान्यता देलान ? भन्ने प्रश्नसमेत गर्नुभएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूलेभने बेलायतको पछिल्लो कदमले हमासको आतंकलाई बढवा दिने प्रतिक्रिया दिएर समस्या समाधानमा प्रश्न खडा गर्नुभएको पाइएको छ । फ्रान्स र यूकेपछि क्यानडाले प्यालेष्टाइनलाई राष्ट्रकारुपमा औपचारिक मान्यता दिने घोषणा गरेको छ । क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले आगामी सेप्टेम्बरमा प्यालेष्टाइनलाई राष्ट्रकारुपमा मान्यता दिने योजना रहेको बताउनु भएको छ । विगत केही दिनयता यो प्रकृतिको घोषणागर्ने क्यानडा जी-सेभेनको तेश्रो मुलुक बनेको छ । प्यालेष्टाइनलाई मान्यता दिने सम्बन्धमा यूकेले घोषणा गरेको भोलिपल्ट र फ्रान्सले योजना सार्वजनिक गरेको एक सातापछि कार्नीको अभिव्यक्ति आएको देखिएको छ । इजरायली विदेशमन्त्रीले क्यानडाको घोषणा अस्वीकारगर्दै हमासका लागि त्यो पुरस्कार हुने टिप्पणी गर्नुभएको छ । कार्नीले संयुक्त राष्ट्रसंघको आउँदो महासभामा क्यानडाले प्यालेष्टाइनलाई राष्ट्रकारुपमा औपचारिक मान्यता दिने बताउनु भएको छ । क्यानडाको विदेश नीतिमा परिवर्तन आउनुका पछाडि अधीनस्थ वेष्ट ब्यांकमा बस्ति विस्तार, गाजामा बिग्रिँदै गएको मानवीय अवस्था र सन् २०२३ को अक्टोबर सातमा इजरायलमाथि हमासको हमला कारण रहेको उल्लेख गरिएको छ ।

गतसाता पत्रकारहरुसँग उहाँले गाजामा मानवीय पीडा असैह्यस्तरमा छ र त्यो तेज गतिमा बिग्रिँदै गएको बताउनु भएको थियो । प्यालेष्टाइनलाई अलग राष्ट्रकारुपमा मान्यता नदिने देशहरुले इजरायलसँग वार्ता र बिवाद समाधान नगरेका कारण मान्यता नदिएका हुनूभन्ने स्पष्ट छ । लण्डन स्कूल अफ इकोनोमिक्सका मध्यपूर्व राजनीतिसम्बन्धी प्राध्यापक फवाज गर्जसले गतसाता बिबिसीलाई दिएको एक प्रतिक्रियामा अमेरिकाले प्यालेष्टाइनलाई अलग राज्यको मान्यता दिनुपर्ने ओठे प्रतिबद्धता जनाउने गरेको भएपनि उसले प्रत्यक्ष वार्ताबाट इजरायलसँगको बिवाद टुंग्याउन जोडदिँदै आएको छ । यसको अर्थ प्यालेष्टाइनको स्वायत्ततामाथि इजरायलको पक्षमा भीटो हाबी हुने बाटो दिनु हो भन्नुभएको छ । यी दुई पक्षबीच सन् १९९० को दशकमा शान्ति वार्ता शुरुभएको थियो । उक्त वार्ता दुई देशको मान्यताका आधारमा समाधान गर्नेतर्फ अघिबढेको थियो । जसमा इजरायल र प्यालेष्टाइन अलग देशकारुपमा रहने भनिएको थियो । तर शान्ति प्रक्रिया निकै सुस्त भयो र सन् २००० को पहिलो दशकदेखि निकै कम वार्ताहरु भएका छन् । सन् २०१४ मा वाशिंटनमा भएको इजरायल र प्यालेष्टाइनबीचको वार्ता असफल भएको थियो । वार्तामा टुंगो लाग्न नसकेका विषयहरु दुई पक्षबीच तयहुन बाँकी सीमा, प्यालेष्टिनी राज्यको भविष्य, जेरुसेलमको अवस्था र इजरायल बन्नेक्रममा भएको युद्धका प्यालेष्टिनी शरणार्थीहरुको व्यवस्थापनसहितका विषयहरु रहेका थिए । प्यालेष्टाइनले राष्ट्रसंघको सदस्यता लिन गरेका प्रयासहरुको इजरायलले कडा विरोध गर्दैआएको छ । तथापि आगामी सेप्टेम्बरमा स्वतन्त्र प्यालेष्टाइन राज्यको बिषयले थप समर्थन पाउने देखिएको छ । यो विश्वभरका देशभक्त र स्वतन्त्रताप्रेमीहरुका लागि बिशेष चासोको बिषय हो ।

# भूपरिवेष्टित विकासशील राष्ट्रहरूको सम्मेलनमा नेपाल

● डा. गिरी पन्थी ●

संयुक्त राष्ट्रसंघको आयोजनामा भूपरिवेष्टित विकासशील राष्ट्रहरूको तेस्रो सम्मेलन तुर्कमेनिस्तानको अवाजा राष्ट्रिय पर्यटकीय क्षेत्रमा आगामी अगस्त ५-८ (२०२५) तारिखमा आयोजना हुँदै छ। सम्मेलनमा भाग लिन नेपालको प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री केपी शर्मा ओली जाँदै हुनुहुन्छ। उहाँको अनुभव र राष्ट्रिय स्वाधीनताप्रतिको दृष्टिकोण भूपरिवेष्टित विकासशील राष्ट्रहरूको साझा पीडालाई सम्बोधन गर्न सशक्त माध्यम बन्न सक्छ।

उक्त सम्मेलनमा अन्य भूपरिवेष्टित राष्ट्रहरूसँग गठबन्धन बनाउँदै ट्रान्जिट सुविधा, जलवायु न्याय र एलडीसी श्रेणीबाट स्तरोन्नतिजस्ता विषयमा सामूहिक आवाज उठाउन आवश्यक छ। क्षेत्रीय साझेदारहरू विशेष गरी भारतसँग प्रत्यक्ष संवादमार्फत आपसी लाभको अवधारणा अघि सार्न सकिन्छ। सम्मेलनमा ठोस प्रतिबद्धताजस्तै सुक्खा बन्दरगाहका लागि लगानी, जलवायु कोषमा पहुँच, डिजिटल पूर्वाधारमा सहयोग प्राप्त गर्नु मुख्य उद्देश्य हुनुपर्छ। यो सम्मेलनमा दश वर्षीय अवाजा कार्ययोजना (२०२४-२०३४) प्रस्तुत हुँदै छ। भूपरिवेष्टित भूगोलको आर्थिक कठिनाइबाट विश्वव्यापी साझेदारीको उपयोग गर्दै दिगो समृद्धि, सम्पर्क र उत्थानशील भविष्य निर्माण गर्न नेपालका लागि यो कार्ययोजना सहयोगी हुन सक्छ। यस सन्दर्भमा सम्मेलन नेपालको विकासको मार्गचित्र पुनः निर्माण गर्ने अवसर हो।

नेपालको दुःख

नेपालको भूपरिवेष्टित अवस्था केवल भौगोलिक तथ्य मात्र नभई गहिरो संरचनात्मक चुनौती हो। नेपालले लामो समयदेखि उच्च व्यापार लागत, ट्रान्जिटमा भारतमा निर्भरता, अविकसित पूर्वाधार र जलवायु संकटजस्ता संरचनागत चुनौती भोगिरहेको छ। भारत र चीनका बिचमा बसेर समुद्रमा प्रत्यक्ष पहुँच नहुँदा नेपालले विश्वव्यापी आर्थिक पहुँचमा ठुलो बाधा सामना गरिरहेको छ। व्यापार लागत बढी हुँदा विश्वबजारमा नेपालको प्रतिस्पर्धी क्षमता कमजोर छ। समुद्रसम्म पहुँचका लागि छिमेकी मुलुक (मुख्य रूपमा भारतको पूर्वाधार, नीति र राजनीतिक स्थिरता) मा निर्भरता रहनुले नेपाललाई जोखिममा पारेको छ, जसको कठोर उदाहरण २०१५-१६ को नाकाबन्दीले देखायो। रेल सञ्जालको अभाव; काठमाडौँ, वीरगन्ज, विराटनगर र भैरहवाका ड्राई पोर्टहरूको कम उपयोग र सीमित डिजिटल सम्पर्कले नेपालको विश्वव्यापार सञ्जालसँगको एकीकरणमा थप बाधा पुऱ्याएको छ। त्यसमाथि जलवायु परिवर्तनले जीविकोपार्जनमा निर्भर कृषि र जलविद्युत् क्षेत्रलाई खतरामा पारेको छ।

प्राथमिकता

सम्मेलनको दश वर्षीय अवाजा कार्ययोजनाको मर्म अनुसार नेपालले चार प्रमुख क्षेत्रलाई प्राथमिकता दिनुपर्छ। पहिलो ट्रान्जिट सुविधा सुनिश्चित गर्न बाध्यकारी सम्झौता गर्दै भारत र चीनसँग अन्तर्राष्ट्रिय स्तरको सहकार्य बढाउनुपर्छ। नेपालले सुक्खा बन्दरगाहहरूको आधुनिकीकरण र डिजिटल व्यापार प्रणालीको कार्यान्वयनमा सहयोग माग गर्नुपर्छ।

यस्तै नेपालले जलवायु वित्तमा अग्रणी भूमिका लिनुपर्छ। ग्लोबल क्लाइमेट फन्ड एवं हानि र क्षति कोषबाट सुलभ पहुँच सुनिश्चित गर्दै नेपालको जलविद्युत् क्षमतालाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय जलवायु समाधानका रूपमा प्रस्तुत गर्नुपर्छ।

डिजिटल पूर्वाधारमा लगानी बढाउन अन्तर्राष्ट्रिय सहयोग र प्रविधि हस्तान्तरण आवश्यक छ। डिजिटल व्यापार, सेवा र नवप्रविधिमा नेपाललाई सक्षम बनाउन आवश्यक नीतिगत र प्राविधिक सहयोग माग गर्नुपर्छ।

नेपाल आर्थिक विविधीकरणमा केन्द्रित रहनुपर्छ। एलडीसी स्तरोन्नतिपछि परम्परागत व्यापार सहुलियत गुम्न नदिन सहज संक्रमण रणनीति अपनाउँदै कृषिजन्य उद्योग, पर्यटन, सूचना प्रविधिजस्ता क्षेत्रमा वैदेशिक लगानी र प्रविधि ल्याउन जोड दिनुपर्छ।

जलवायु परिवर्तनको अग्रपंक्तिमा रहेको हिमाली राष्ट्रका रूपमा नेपालले जलवायु न्यायको आफ्नो अधिकार दाबी गर्नुपर्छ। कार्ययोजनाका हानि र क्षति कोष अनि विस्तारित अनुकूलन वित्तीय प्रावधानले नेपाललाई हिमनदी बाढी रक्षा, जलवायु लचिला सडकहरू र ऊर्जा पूर्वाधारका लागि प्रत्यक्ष र सरल पहुँच माग्ने अधिकार दिन्छ। नेपालको जलविद्युत् सम्भावना राष्ट्रिय सम्पत्ति मात्र नभई क्षेत्रीय जलवायु समाधान हो। भारत र बंगलादेशलाई स्वच्छ ऊर्जा आपूर्ति गर्ने महत्त्वपूर्ण पूर्वाधारका रूपमा प्रस्तुत गरेर नेपालले सीमापार प्रसारण लाइनहरू र क्षेत्रीय ऊर्जामा लगानी सुरक्षित गर्न सक्छ, जुन कार्ययोजनाको संयुक्त ऊर्जा प्रणालीको लक्ष्यसँग गाँसिएको छ।

नेपालको भूपरिवेष्टित अवस्था केवल भौगोलिक तथ्य मात्र नभई गहिरो संरचनात्मक चुनौती हो। नेपालले लामो समयदेखि उच्च व्यापार लागत, ट्रान्जिटमा भारतमा निर्भरता, अविकसित पूर्वाधार र जलवायु संकटजस्ता संरचनागत चुनौती भोगिरहेको छ।

नेपालले भौगोलिक बाधालाई भूराजनीतिक लाभमा बदल्न २१औँ शताब्दीको अर्थतन्त्रमा प्रतिस्पर्धा गर्न डिजिटल छलाङ अनिवार्य छ। अन्तर्राष्ट्रिय दूरसञ्चार संघ र विश्व बैंकसँगको साझेदारीमार्फत उपग्रह प्रविधि र एसिया-प्रशान्त सूचना सुपरहाइवेजस्ता पहलमार्फत विश्वव्यापी ब्रोडब्यान्डमा नेपालले पहुँच राख्नुपर्छ। ब्लकचेन र कृत्रिम बौद्धिकताजस्ता प्रविधिलाई कृषि, वन, व्यापारमा लागु गर्नुपर्छ। व्यापार घाटा कम गर्दै दिगो वृद्धि हासिल गर्न साहसिक पर्यावरणीय पर्यटन पहलहरू, चिया र मसलाजस्ता उच्च मूल्यका जडीबुटी उत्पादनमार्फत नेपालले क्षेत्रीय र विश्वव्यापी मूल्य शृंखलामा प्रतिस्पर्धी लाभ कायम गर्न सक्छ।

साथै, एलडीसी (लिस्ट डेभलपमेन्ट कन्ट्री) श्रेणीबाट स्तरोन्नतिपछि नेपालले ड्राई-पोर्ट, ऊर्जा ग्रिड र डिजिटल सञ्जालहरूको विकासपछिको समर्थनका लागि विशिष्ट, मापनयोग्य प्रतिबद्धता सुनिश्चित गर्नुपर्छ। ब्याजदर वृद्धिका बाबजुद हरित बन्ड र विदेशी प्रत्यक्ष लगानी ग्यारेन्टीजस्ता नवप्रवर्तनकारी वित्तीय संयन्त्रहरूमार्फत जलविद्युत् र पर्यटनजस्ता प्राथमिकता क्षेत्रलाई सहुलियत ऋण सुनिश्चित गर्छ। कार्ययोजनाको आधिकारिक विकास सहायता प्रतिबद्धता पूरा गर्ने र रेमिट्यान्सको उपयोग गर्ने स्पष्ट आह्वानले नेपाललाई साझेदारलाई जवाफदेही बनाउने मञ्च प्रदान गर्छ। यी स्रोतको वकालत गरेर नेपालले एलडीसी स्तरोन्नति पछिको विश्वमा प्रतिस्पर्धा गर्न आवश्यक उत्पादक क्षमता निर्माण गर्न सक्छ।

सम्मेलनमा प्रधानमन्त्री ओलीको नेतृत्व यो दृष्टिकोण साकार पार्न निर्णायक छ। उनले नेपाललाई भूगोलको सिकार होइन विशाल जलविद्युत् सम्भावना, दक्षिण र पूर्वीएसियालाई जोड्ने रणनीतिक स्थान अनि गतिशील युवा जनशक्तिसहित लगान साझेदारका रूपमा प्रस्तुत गर्नुपर्छ। भुटान र लाओसजस्ता हिमाली देशसँग गठबन्धन बनाएर नेपालले पारवहन न्याय, जलवायु क्षतिपूर्ति, एलडीसी पछिको समर्थनको मागलाई बलियो बनाउन सक्छ। भारतीय र चिनियाँ नेतासँग प्रत्यक्ष उच्च स्तरीय वार्तामार्फत पारवहन सहयोगलाई क्षेत्रीय ऊर्जा बजार र व्यापार कोरिडोरजस्ता साझा लाभका रूपमा प्रस्तुत गर्नुपर्छ।

ओलीले पारवहन प्रोटोकल, ड्राई-पोर्ट वित्तपोषण, जलवायु कोषमा पहुँच र प्रविधि हस्तान्तरण सम्झौताका लागि हस्ताक्षरित समझदारीपत्रसहित काठमाडौँ फर्कनुपर्छ। कार्ययोजनाको पारवहन स्वतन्त्रतामा उच्चस्तरीय प्यानलले यी प्रतिबद्धतालाई मूर्तरूप दिन र पारवहन साझेदारहरूलाई जवाफदेही बनाउन रणनीतिक दबाब बिन्दु प्रदान गर्छ। दृढ कूटनीति र रणनीतिक साझेदारीमार्फत नेपालको आर्थिक आकांक्षालाई साकार पार्न अवाजा कार्ययोजनालाई पारवहन सम्प्रभुता सुरक्षित गर्न, जलवायु कमजोरीलाई मुद्रीकरण गर्न, डिजिटल र आर्थिक विविधीकरणलाई अगाडि बढाउन उपयोग गरेर नेपाल भूपरिवेष्टितबाट भूजडित देशमा रूपान्तरण हुन सक्छ।

अन्ततः कार्ययोजना २०२४-२०३४ ले स्पष्ट मार्गचित्र दिएको भए पनि यसको सफल कार्यान्वयन नेपालको रणनीतिक कूटनीति र स्पष्ट प्राथमिकतामा निर्भर छ। अब नेपाल पीडित राष्ट्रको हैसियतबाट होइन, समाधान खोज्ने अग्रसर राष्ट्रको रूपमा प्रस्तुत हुनुपर्छ। यो सम्मेलनले नेपालको पर्वतीय भूगोलले सिर्जना गरेका चुनौतीलाई समृद्धिका आधारमा रूपान्तरण गर्ने थालनी गर्न सक्छ।

## क्रान्तिकारी...

भने क्रान्तिको प्रक्रिया त दलाल पूँजीवादलाई कब्जा गर्नेतिरबाट शुरु हुन्छ। दलाल पूँजीवादलाई कब्जा गरेर राष्ट्रिय पुँजीमा परिणत गर्ने भनेकै नयाँ जनवादी क्रान्तिको खुड्किलो हो। यसो गर्ने भनेको फेरि लेनिन र स्टालिनले रुसको वैज्ञानिक समाजवादी क्रान्तिका सन्दर्भमा भने जस्तै फेरि 'नयाँ आर्थिक नीति' मा फर्कनुपर्ने स्थिति नआओस् भनेको हो। दलाल तथा नोकरशाही पूँजी र यसको केन्द्रीय अभिव्यक्ति दलाल संसदीय व्यवस्था कब्जा गरिसकेपछि हामी नयाँ जनवाद (पुँजीवाद) मा बस्दैनौं। हामी समाजवादमा संक्रमण गर्दछौं।

कन्चन गुट फुटवादी नै हो। नेकपा (बहुमत) र नेकपा (क्रान्तिकारी माओवादी) बीच एकता भएको केही दिनपछि कन्चनले पूर्व बहुमतको कार्यालयको अलग बैठकलाई निरन्तरता दिने प्रस्ताव ल्याएका थिए। मैले आवश्यकता पऱ्यो भने नेतृत्वको स्वीकृतिमा बसौंला, तर निरन्तर बस्नु एकताविरोधी क्रियाकलाप हुन्छ भनेको थिएँ। कन्चनले केहीलाई लिएर अलग बस्ने र गुटबन्दीजन्य क्रियाकलापमा संलग्न भइरहेको पनि पुष्टि भएको छ। विभिन्न जनवर्गीय संगठनहरुमा रहेका, पार्टी एकता मन नपराएका र वाध्यात्मक अवस्थामा संगठनमा रहेकाहरुबाट 'अह्रराई बुद्धि सिधाई सामल' को नीति अनुसार फुटको बीउ छर्ने काम भइरहेको प्रस्ट देखिएको थियो। यसबाट पार्टी र जवसका केही व्यक्तिहरु प्रभावित त छँदै थिए, त्यसमा बाह्य तत्वको पनि मिसावट भयो। दोस्रो पटक कन्चन म कहाँ आएर बैठक बस्ने प्रस्ताव ल्याए। उनले 'किरणजीहरु आफ्नो पूर्व पार्टीको बैठक बसिरहनुभएको छ। हामी पनि बसौँ, केही फरक पर्दैन भनी प्रस्ताव राखे। मैले 'अब कसैले पनि यसरी पूर्व समूहको बैठकलाई निरन्तरता दिनु गुटबन्दी हुन्छ भनिदिएँ। यसले उनको गुटवादी चिन्तनमाथि ठक्कर दिएको थियो। त्यतिबेलासम्म उनी नेतृत्वको महत्वकाङक्षाले ग्रस्त भइसकेका थिए। यसपछि उनले अपारदर्शी भेटघाट, पूर्वसमुहको बैठक, अराजक दौडधुप र पार्टीको संस्थागत निर्णय विरुद्धका वक्तव्यबाजी गर्न थाले। भर्खरै विद्रोह गरेको पूर्व पार्टी नेकपाका नेताहरुसँग नियमित सम्पर्कमा रहे। एकता पछि नेतृत्वको सल्लाहविना नै यो सबै भइरहेको थियो। पूर्व (बहुमत) को भेलामा अस्वीकृत भइसकेको 'कार्यकारी राष्ट्रपतिको चुनाव' जस्तो संसदवादी नारा पनि उनले भट्याई नै रहे। माओवादी केन्द्र निकट 'ज्ञान केन्द्र' ले आयोजना गरेको एक अन्तरक्रियामा 'म पनि राष्ट्रपतिको उम्मेद्धार हुँ' भन्ने संसदवादी उद्धोष गरे। यसले माधव र प्रचण्डहरुलाई खुशी तुल्याएको थियो किनभने उनीहरुको समर्थक बढ्यो। उनीसहितको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालको कार्य सम्पादन मण्डलको पछिल्लो बैठकमा समेत प्रचण्डप्रति नतमस्तक हुँदै 'हिजो सदनमा प्रचण्डले कार्यकारी राष्ट्रपतिको नारा उठाए' भन्दै खुशी प्रकट गरिरहेका थिए। प्रवक्ताको हैसियतले दिएको एउटा वक्तव्यमा उनले भनेका थिए-'एमसीसी सम्झौता संसदले पारित गरेको होइन, शेरबहादुर देउवा र प्रचण्ड पनि यसका विरोधी हुन्' भन्ने कुरा लेखी दिउसै रात पार्ने काम गरेका थिए। जसले गर्दा उनी ठाउँ ठाउँमा पङ्गु भएका थिए। उनी वास्तवमा वैज्ञानिक समाजवादको क्रान्तिकारी लफ्फाजीभित्र लुकेका दक्षिणपंथी संशोधनवाद परस्त प्रवृत्तिका प्रतिनिधि हुन्।

श्री कन्चन वैज्ञानिक समाजवादको विषयमा कुनै ज्ञान भएका व्यक्ति होइनन्। यो उनले प्रस्तुत गरेको वैज्ञानिक समाजवाद सम्बन्धि प्रस्तावबाट पुष्टी हुन्छ। एङ्गेल्सले हामीलाई मार्गदर्शन गर्दै आफ्नो प्रसिद्ध कृति 'ड्युहरिङ मतखण्डन' मा भन्नुभएको छ-"सामाजिक परिवर्तन र राजनीतिक क्रान्तिका अन्तिम कारणहरु मानिसको दिमागमा, मानिसको साश्वत सत्य र न्याय सम्बन्धी अन्तरदृष्टिमा खोज्न हुँदैन, बरु उत्पादन प्रणाली र विनिमयका परिवर्तनहरुमा खोज्नुपर्दछ। तिनलाई दर्शनशास्त्रमा होइन, बरु हरेक विशिष्ट युगको अर्थशास्त्रमा खोज्नुपर्दछ" -प्रगति प्रकाशन मस्कोद्वारा १९८७ मा प्रकाशित मार्क्स-एंगेल्स संकलित रचनाहरुको अंग्रेजी संस्करण, ग्रन्थ २५, पृ.२५४। यो मार्क्सवादी सश्लेषण अनुसार राजनीतिक कार्यदिशा वा सामाजिक परिवर्तनको कार्यदिशा श्री कन्चन वा क. किरणको दिमागमा खोजेर पाइदैन। ती चीज दर्शनशास्त्रमा पनि भेटिनैनन्। क्रान्तिको कार्यदिशा उत्पादन प्रणाली र विनिमयका परिवर्तनहरुमा खोज्नुपर्दछ, हरेक विशिष्ट युगको अर्थशास्त्रमा खोज्नुपर्दछ। हाम्रो पार्टीको अनुसन्धान टोलीले अनुसन्धान गरेको र पार्टीले हासिल गरेको ज्ञान भनेको नेपालको अर्थ सामाजिक स्थिति नव औपनिवेशिक रहेको छ। यसरी नै नेपालको अर्थ राजनीतिको विश्लेषण गर्दा, अर्थात् वर्गविश्लेषण गर्दा दलाल तथा नोकरशाही पूँजीपतिवर्ग र नेपाली श्रमजीवी तथा शोषित उत्पीडितवर्गविचको अन्तरविरोध नै प्रधान अन्तरविरोध हो। यो कुरा क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा एकताबद्ध पूर्व तीन पार्टीले नै स्वीकृत गरेका छन्। ऐतिहासिक जनयुद्ध र जनान्दोलनबाट आएको मात्रात्मक परिवर्तन; भूमण्डलीकृत साम्राज्यवादको अति केन्द्रीकरण तथा अति एकाधिकारवाद; विकेन्द्रीत उत्पादन र केन्द्रीकृत वितरण, उत्पादन प्रणालीमा विज्ञान र प्रविधिको संयोजन; अर्थ निर्देशित राजनीतिको कारणले वैज्ञानिक समाजवाद सन्निकट छ। प्रधान अन्तरविरोध नेपाली श्रमजीवी तथा शोषित-उत्पीडित जनता र दलाल तथा नोकरशाही पूँजीवादका बीच हो भन्ने कुरामा विवाद छैन भने क्रान्तिको प्रक्रिया त दलाल पूँजीवादलाई कब्जा गर्नेतिरबाट शुरु हुन्छ। दलाल पूँजीवादलाई कब्जा गरेर राष्ट्रिय पुँजीमा परिणत गर्ने भनेकै नयाँ जनवादी क्रान्तिको खुड्किलो हो। यसो गर्ने भनेको फेरि लेनिन र स्टालिनले रुसको वैज्ञानिक समाजवादी क्रान्तिका सन्दर्भमा भने जस्तै फेरि 'नयाँ आर्थिक नीति' मा फर्कनुपर्ने स्थिति नआओस् भनेको हो। दलाल तथा नोकरशाही पूँजी र यसको केन्द्रीय अभिव्यक्ति दलाल संसदीय व्यवस्था कब्जा गरिसकेपछि हामी नयाँ जनवाद (पुँजीवाद) मा बस्दैनौं। हामी समाजवादमा संक्रमण गर्दछौं।

कन्चन मण्डलीले नयाँ जनवाद र वैज्ञानिक समाजवादलाई अलग-अलग रुपमा बुझ्नु र बुझाउन खोज्नु नै फुटवादको बिउ रोप्नु हो। नेपालमा नेपाली काँग्रेसले भन्ने गरेको प्रजातान्त्रिक समाजवाद दलाल पूँजीवादी समाजवाद हो। यो स्पस्ट नै छ। नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ जनवाद होइन, अब समाजवाद भन्नुपर्दछ र यो कार्यक्रम अघि बढाउनु पर्छ भन्ने रोहित नेतृत्वमा रहेको नेमकिपाले वि.स. २०४७ देखि समाजवाद भन्दै आएको छ। त्यसपछि चैतन्य मिश्र र घनश्याम भुसालले नेपालमा पूजीवाद आइसकेको हुनाले समाजवादी क्रान्तिको कार्यक्रम हुनुपर्दछ भन्ने निस्कर्ष निकाले। यो समाजवादको बाटो एमाले र एकिकृत समाजवादीले लिएका छन्। यो कार्यदिशा घनश्याम भुसालको हो। तर यो वास्तवमा वर्गसमन्वयमा आधारित हिजडा समाजवाद हो। प्रचण्डले घनश्यामबाट यही कार्यदिशा सापट लिएका छन्।

क. किरणको नेतृत्वमा प्रचण्ड नेतृत्वको एनेकपा(माओवादी)बाट विद्रोह भइसकेपछि हामी केही साथीहरु मिलेर वि.सं.२०६९ को हेटौडा महाधिवेशनका क्रममा वैज्ञानिक समाजवादको विषयमा वहस गर्न थाल्यौं। 'अहिले वैज्ञानिक समाजवाद भन्दा साम्राज्यवादीहरुले ठूला- ठूला आँखाले हेर्न थाल्छन्। अर्कोतिर संविधानसँग तालमेल मिलाउनुपर्दछ' भन्ने तर्क प्रचण्डले गरे। हामीले थप बहस गऱ्यौं। महाधिवेशनमा हाम्रो मत राख्न दिइएन। २०७२ को चैत्रमा हामी क्रान्तिकारीहरुले 'कम्युनिस्ट न्युक्लियस नेपाल' गठन गरेको घोषणा गऱ्यौं र २०७३ को असारमा पहिलो भेला काठमाडौँमै गरियो। वैज्ञानिक समाजवादको कार्यदिशा पहिलो पटक हामीले संश्लेषण गरेका हौं। तर त्यसमा संगति मिलेको थिएन। त्यो राजनैतिक कार्यदिशा र कार्यक्रमको एक प्रती क. किरणलाई पनि दिएका थियौं। २०७३ को भाद्र ७ गते विप्लव नेतृत्वको नेकपा माओवादीसँग हाम्रो एकता भयो। त्यहाँ लामो बहसपछि एकीकृत जनक्रान्तिलाई सामरिक कार्यदिशा र वैज्ञानिक समाजवादलाई राजनीतिक कार्यदिशा निर्धारण गर्ने सहमति भयो र त्यसपछि नयाँ जनवादको पूलसहितको वैज्ञानिक समाजवाद आठौं महाधिवेशनबाट पारित भएको हो। २०७८ को चैत्रमा हामीले विप्लव नेतृत्वको नेकपाबाट विद्रोह गऱ्यौं र २०७९ बैशाख २१ गते देखि २३ गतेसम्म सम्पन्न विशेष राष्ट्रिय भेलाबाट नयाँ जनवादी क्रान्तिको कार्यभार सहितको वैज्ञानिक समाजवाद पारित गऱ्यौं। २०८० को बैशाख १७ गते नेकपा(क्रान्तिकारी माओवादी) र नेकपा(बहुमत)को एकता अधिवेशनबाट नयाँ जनवादी क्रान्तिको खुड्किलो सहितको वैज्ञानिक समाजवाद पारित भयो। एक वर्षपछि १८ बैशाख २०८१ मा क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपाल र नेकपा(मशाल) को एकता अधिवेशनबाट पनि यही कार्यदिशा पारित भयो। यहाँसम्म पनि हामीले नयाँ जनवादलाई वैज्ञानिक समाजवादबाट अलग गरेका छैनौं किनभने नयाँ जनवाद वैज्ञानिक समाजवादको अङ्ग हो। दोस्रो, कन्चन मण्डलीले नयाँ जनवादलाई पश्चगामी र पुरातनपंथी भनेको छ। यो सरासर गलत हो। यसलाई पश्चगामी भन्न त नेपालमा वैज्ञानिक समाजवादी क्रान्ति भइसकेको हुनुपर्दछ। वैज्ञानिक समाजवादी क्रान्तिका लागि नयाँ जनवादको खुड्किलो पार गर्नैपर्दछ। नयाँ जनवादी क्रान्ति भनेको पुँजीवादी क्रान्ति हो। पुरानो जनवादी क्रान्ति पूजीपतिवर्गको नेतृत्वमा हुन्थ्यो। १९१७ को रुसी अक्टोबर क्रान्तिपछि पूँजीपति वर्ग र सामन्तीवर्ग मिल्न थाले। त्यसपछि चीनमा माओले अब कम्युनिस्ट पार्टीको नेतृत्वमा पुँजीवादी क्रान्ति गर्नुपर्ने विचार प्रतिपादन गर्नुभयो जसलाई नयाँ जनवादी क्रान्ति भनियो।

तेस्रो, कन्चनले एकता महाधिवेशनका लागि तयार पारेको 'समानान्तर प्रस्ताव'मा समाजवादी क्रान्ति सम्पन्न भएपछि जनताको जनवादी अधिनायकत्व लागू हुन्छ भनेका छन्। यो वैज्ञानिक समाजवादी क्रान्ति अनुरुप छैन, यो त नयाँ जनवाद अनुरुपको शासन सत्ता हो। मार्क्सले भने झैं यो उनको अज्ञानताको त्रासदी नै हो। उनले यतिसम्म अज्ञानता प्रकट गरेका छन् कि 'चीनमा बाकुनिनले सर्वहारा अधिनायकत्व लागू हुँदैन भनी सल्लाह दिएका थिए'। १८७६ मै मरिसकेका बाकुनिनले चीनमा आएर कसरी सल्लाह दिए, ताजुब लाग्दो कुरा छ।

चौथो, श्री कन्चन यस्ता मार्क्सवादी सर्जक हुन् जसले एक पार्टी दुई कार्यनीतिको सिद्धान्त सिर्जना गरेका छन्। त्यसमा उनले जनवादी केन्द्रीयताको संगठन परिचालन पद्धतिले विचारहरुको निषेध गर्ने भएकोले एक पार्टी दुई कार्यनीति लागू गर्ने बताएका छन्। जनवाद भनेकै सयौं विचारहरु फूल्न दिने स्वतन्त्रता र केन्द्रियता भनेको अराजकताको झारपात मौलाउने स्थितिलाई नियन्त्रण गर्नु हो। एक पार्टी दुई कार्यनीति चिनियाँ संशोधनवादीहरुको एक देश दुई व्यवस्थाबाट प्रेरित भएको छ। यसमा पनि उनी पूँजीवादी विचारहरुलाई निस्फिक्री चलखेल गर्न दिने पक्षमा छन्। सारमा पुँजीवादी चिनियाँ नेतृत्वले समाजवादी भनिएको चीनमा हङकङ र ताइवान अटाउनु आश्चार्यको कुरा होइन। तर एउटा क्रान्तिकारी पार्टीमा पुँजीवादी विचार र समाजवादी विचार, पूँजीवादी कार्यदिशा र वैज्ञानिक समाजवादी कार्यदिशा जस्ता शत्रुतापूर्ण विचारहरु चलखेल गर्न दिनुपर्दछ भन्नु भनेको नेपाली काँग्रेस, एमाले, माओवादी केन्द्र र हाम्रो पार्टी एउटै बनाउँ भन्नु हो। यसले विषयलाई वर्गसमन्वयतिर लैजान्छ। बृहद् छलफल हुनुपर्दछ, तर जनवादी केन्द्रीयताको मान्यताबाट बाहिर जाँदा एमाले र माकेको के हालत भएको छ, त्यो त हाम्रै आँखा अगाडि रहेको छ। त्यसकारण 'एक पार्टी दुई कार्यनीति' संसदिय झ्याउकिरीको घ्याम्पो बाहेक अरु केही होइन।

वैज्ञानिक समाजवादबारे कन्चन मण्डलीसँग सैद्धान्तिक कुरा गर्न जरुरी छ, जसको पछि यस सम्बन्धी अल्पज्ञानी साथीहरु भ्रमवस लागेका छन्। कम्युनिस्ट सिद्धान्तका प्रतिपादक र विश्व कम्युनिस्ट आन्दोलनका संस्थापक नेताहरु कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले डिसेम्बर १८४७ देखि जनवरी १८४८ सम्म तयार पारेको र फ्रवरी १८४८ मा लण्डनबाट प्रकाशित विश्वप्रसिद्ध घोषणा पत्रमा लेख्नुभएको छः

कम्युनिस्ट क्रान्ति परपम्परागत सम्पत्ति सम्बन्धहरुसँग सबभन्दा बढी क्रान्तिकारी क्रमभंगता हो। यो पनि आश्चर्यको कुरा होइन कि यस क्रान्तिको विकासको अर्थ समाजको परम्परागत विचारसँग क्रान्तिकारी सम्बन्ध विच्छेद हो" -प्रगति प्रकाशन मास्कोद्वारा १९७६ मा प्रकाशित मार्क्स-एंगेल्स संकलित रचनाहरुको अंग्रेजी संस्करण, ग्रन्थ ६, पृ.५०४।

यसमा मार्क्सले समाज रुपान्तरणका लागि सुधार र आलटालको होइन, बरु तत्काल दुखे पनि चिरफारको बाटो लिनुपर्ने बताउनु भएको छ। परम्परागत सम्पत्ति सम्बन्धलाई पनि उहाँहरुले सैद्धान्तिकरुपले स्पस्ट पार्नुभएको छ। कम्युनिस्ट पार्टीको घोषणापत्रमा नै यसरी स्पस्ट पारिएको छ।

"...कम्युनिस्ट सिद्धान्तलाई एउटै वाक्यमा नै यसरी भन्न सकिन्छ : निजी सम्पत्तिको अन्त गर्नु"-उही, पृ.४९८।

क्रान्तिमा हामी कसरी अघि बढ्छौ त ? मार्क्स-एङ्गेल्स अझ अघि बढेर भन्नुहुन्छ :

"....मजदुर वर्गीय क्रान्तिको पहिलो कदममा सर्वहारा वर्गलाई उठाएर शासक वर्गको आसनमा राख्नुपर्दछ र जनवादको लडाई जित्नुपर्छ"-उही,पृ.५०४।

यो लडाई कसरी लड्ने उहाँले सिकाउनु भएको छ :

"सर्वहारावर्गले आफ्नो राजनीतिक प्रभुत्व पूँजीपतिवर्गबाट विस्तारै सम्पूर्ण पूँजी खोस्न, उत्पादनका सम्पूर्ण साधनहरु सर्वहारा राज्यको हातमा केन्द्रीत गर्न र सम्भव भएसम्म तीव्रतापूर्वक समग्र उत्पादक शक्तिलाई बृद्धि गर्न प्रयोग गर्नेछ।

"बास्तवमा, प्रारम्भमा यो कार्य सम्पत्तिको अधिकार र पूँजीवादी उत्पादनको अवस्थामाथि निर्मम हमला नगरीकन प्रभावकारी हुँदैन, त्यसकारण यस्तो उपायविना यो आर्थिक रुपमा नै अपर्याप्त र अव्यावहारिक हुन्छ, तर आन्दोलनको प्रक्रियामा यसले आफ्नो सिमा नाघ्नेछ, पुरानो समाज व्यवस्थामाथि अझ गहिरो भेदन अपरिहार्य हुनेछ र समग्र रुपले क्रान्तिकरण हुँदै गएको उत्पादन प्रणालीका साधनहरु अपरिहार्य हुनेछन्।

"निश्चय नै यी उपायहरु भिन्न-भिन्न देशहरुमा भिन्न-भिन्नै हुनेछन"-उही, पृ.५०४-५०५।

पछिल्लो वाक्यले हरेक देशमा हुने क्रान्ति एउटै तरिकाले हुँदैनन् भन्ने मार्क्सको परिपक्व विचारलाई प्रदर्शन गर्दछ।

अन्तमा घोषणापत्र सुन्दर ढंगले घोषणा गर्दछ :

"कम्युनिस्टहरुले आफ्नो दृष्टिकोण र उद्देश्य लुकाउनु आफ्नो सानको विपरित ठान्दछन्। उनीहरु खुलेआम के घोषणा गर्दछन् भने तिनका उद्देश्यहरु सम्पूर्ण विद्यमान सामाजिक अवस्थालाई बलपूर्वक भत्काएपछि मात्र पूरा हुनसक्छन्। शासकवर्गलाई कम्युनिस्ट क्रान्तिको भयले काँप्छन् भने काँप्न दिनुस्। सर्वहारा वर्गसँग गुमाउनका लागि हत्कडी बाहेक केही छैन। उनीहरुसँग जित्नका लागि सारा संसार छ"-उही, पृ.५१९।

# सुन्दर कथालेखनका आधार र प्रक्रिया समालोचना



● प्रा.डा.ताराकान्त पाण्डेय ●

**हामीले समाजवादी यथार्थवादी कथाका रचनात्मक आधारका सन्दर्भमा माथि संज्ञान, सङ्कल्प र सौन्दर्यका तीन वटा पक्षबारे चर्चा गर्‍यौं । वास्तवमा यी तीन त्यस्ता आधारभूत पक्ष हुन् जसले कथालाई (र कलाका अन्य रूपलाई समेत) सुन्दर र सार्थक बनाउँछन् । कला आत्मिक नभई भौतिक जीवनका लागि पनि उपयोगी हुनुपर्छ र मात्र सुन्दर हुन्छ । भोकले आन्द्रा सुकेको मान्छेका लागि गुलाफको फूलको सौन्दर्य अर्थहीन छ ।**

*१.उठान*

कथा लेख्नु भनेको कलाको एउटा रूप निर्माण गर्नु हो किनभने कथा स्वयंमा कलाको एउटा विधा हो । कलाको सर्वथा महङ्खवपूर्ण विशेषता भनेको यो सुन्दर हुनु हो । सुन्दर नभई कला हुँदैन । त्यसैले कथा पनि सुन्दर हुनु अनिवार्य छ । आज हामी यसै विषयमा छलफल गर्दै छौं । यो विशुद्ध सैद्धान्तिक छलफल मात्र छैन । हाम्रा अगाडि एक दर्जन स्रष्टाहरूले प्रस्तुत गरेका कथाहरू पनि छन् । त्यसैले यो एक प्रकारको कार्यशाला जस्तै बनेको छ । तिनै कथालाई सन्दर्भ बनाएर हामी यो छलफल गर्दै छौं । त्यसैले यो छलफल सार्थक हुने अपेक्षा गर्नु अन्यथा हुने छैन । अर्को महङ्खवपूर्ण कुरा यो छलफल केवल कथाको विधागत छलफलमा केन्द्रित व्याख्यानमा आधारित छैन । सुन्दर प्रगतिवादी कथालेखनका आधार र प्रक्रियामाथिको छलफलमा वरिष्ठ प्रगतिवादी कथाकार इस्माली तथा समालोचकद्वय प्रा. डा. जगदीश चन्द्र भण्डारी र रोशन जनकपुरी पनि सहभागी हुनुहुन्छ र उहाँहरूका विचारसमेतको संश्लेषणबाट प्रगतिवादी कथारचनाका आधार र प्रक्रियाबारे हामी ठोस र महङ्खवपूर्ण निष्कर्षमा पुग्नेछौं । यस अपेक्षासहित अब म मूल विषयबारे आफ्ना धारणा राख्न चाहन्छु । यस छलफलमा इस्मालीजीले कथाको विधागत रचनासन्दर्भबारे धारणा राखिसक्नुभएकाले म कथाको विधाताङ्खिवक पक्षमा भन्दा समग्र सौन्दर्यशास्त्रीय सन्दर्भमा धारणा राख्नेछु ।

*२.कस्तो कथा सुन्दर हुन्छ ?*

हाम्रो आजको छलफलको मूल प्रश्न होः कस्तो कथा सुन्दर हुन्छ ? के भयो भने कथा सुन्दर हुन्छ ? यसैसँग जोडेर यस्तो प्रश्न पनि गर्न सकिन्छः के कुनै सुन्दर भनिएको वस्तु (कलासमेत) सबैका लागि सुन्दर हुन्छ ? पहिला अन्तिम प्रश्नको उत्तरबारे विचार गरौं । यसको उत्तर हो- सुन्दर भनिएको वस्तु सबैका लागि सुन्दर हुँदैन । अर्थात् सुन्दरको अनुभूति सार्वभौम रूपमा सबैले समान रूपले गर्दैनन् । वर्गीय समाजमा सुन्दरको अनुभूति पनि वर्गसापेक्ष हुन्छ । पारिजातको शिरीषको फूल एकथरी पाठक/ समीक्षकका लागि निकै सुन्दर छ । यसले नेपाली उपन्यासलाई विश्वस्तरमा पुर्‍याएको विचार शङ्कर लामिछाने प्रकट गरे तर गोविन्द भट्टले यसलाई 'कागजको फूल' भने । उनलाई यो वासना नभएको फूल अनुभव भयो अर्थात् सुन्दर अनुभव भएन । उनलाई यस्तो किन लाग्यो भने यो आम श्रमजीवी, उत्पीडित मान्छेका लागि उपयोगी छैन किनभने यसले जीवन बाँच्न सिकाउँदैन, यसमा जीवनप्रति राग छैन । यसका विपरीत यसमा विराग, विसङ्गति र मृत्युकामना छ । यसले विसङ्गति, शून्यता र मृत्युलाई उदात्तीकरण गर्छ । हामी जीवनलाई प्रेम गर्छौं, जीवन बाँच्न चाहन्छौं र सुन्दर सार्थक जीवन बाँच्न चाहन्छौं । त्यसैले हाम्रा निम्ति शिरीषको फूल सुन्दर छैन । यसले हाम्रा सौन्दर्यरुचिलाई तुष्ट गर्दैन ।

हाम्रो उद्देश्य भिन्न छ र स्पष्ट छ । हामी किन लेख्छौं भने हामी जीवन बदल्न चाहन्छौं । बहुसङ्ख्यक मानिसहरूलाई उत्पीडन गर्ने सामाजिक संरचना र उत्पादनसम्बन्ध बदल्न चाहन्छौं । हामी समाजरूपान्तरणका पक्षमा उभिएका लेखक हौं । त्यसैले सुन्दर समाज निर्माण गर्ने समाजरूपान्तरणको प्रक्रियासँग जोडिएका, त्यसबाट सम्बल प्राप्त गरेर लेखिएका रचना सुन्दर हुन्छन् । जीवन बाँच्ने उपक्रममा र समाज बदल्ने अभियानमा सङ्घर्षरत मानिसहरूका कथा भन्ने र समाज बदल्नका लागि तिनलाई उत्प्रेरित/उद्वेलित गर्ने रचना (कथासमेत) सुन्दर हुन्छन् । जीवनका कुण्ठा, विसङ्गति र विरागको रोइलो जति सुन्दर शब्दमा, जति चमत्कारी ढङ्गले भनिए पनि सुन्दर हुँदैन ।

*३.सुन्दर कथा (कला) निर्माणको संज्ञानात्मक आधारः यथार्थको संज्ञान र यथार्थप्रतिको निष्ठा*

साहित्यका अनेक दार्शनिक वैचारिक धाराहरू छन् र सुन्दरसम्बन्धी तिनका आ-आफ्ना मान्यताहरू पनि छन् । हामी यथार्थवादी रचना (कलासाहित्य)का पक्षमा छौं । हामी यथार्थवादी रचना सुन्दर हुन्छ भन्ने मान्यतालाई स्वीकार गर्छौं । त्यसमा पनि प्रकृतवादी यथार्थ होइन, गतिशील यथार्थको अभिव्यक्ति सुन्दर हुन्छ भन्ने समाजवादी यथार्थवादी मान्यतालाई हामी पछ्याउँछौं । कलाको यथार्थवादी चरित्रबारे समाजवादी यथार्थवादको मान्यतालाई स्पष्ट पार्ने क्रममा मार्क्सवादी सौन्दर्यचिन्तक लुना चार्स्की 'समाजवादी यथार्थवाद के हो ?' भन्ने प्रश्नको उत्तर दिँदै भन्छन्, "सबभन्दा पहिला यो पनि यथार्थवाद हो, यथार्थप्रतिको निष्ठा हो" । उनी अगाडि भन्छन्, "हामी यथार्थबाट असम्पृक्त रहन सक्दैनौं । यो हाम्रा कार्यको क्षेत्र, सामग्री तथा कार्यभार समेत हो" । समाजवादी यथार्थवादी साहित्य हुनका लागि यथार्थवादी हुन, स्रष्टामा यथार्थप्रति निष्ठा हुन कति आवश्यक छ भन्ने कुरा चार्स्की यस भनाइले स्पष्ट पार्दछ ।

कुनै रचना (कथा होस् वा अन्य कुनै विधा) सुन्दर छ कि छैन भन्ने कुराको एउटा सूचक के हो भने त्यसले हामी बाँचेको र बाँचिरहेको रहेको जीवन(परिवेश)लाई कति सत्यतामा, कति सूक्ष्मतामा र कति संवेदनापूर्ण ढङ्गले प्रस्तुत गर्छ ? त्यसमा जीवनको बोध कति गहिरो छ ? अर्थात् जीवनलाई सत्यतामा, सूक्ष्मतामा र संवेदनायुक्त ढङ्गले प्रस्तुत गरिएको कला सुन्दर हुन्छ किनभने यस्तो कलाले हामीलाई जीवनयथार्थको संज्ञान गराउँछ । संसार (जीवन) बदल्नु जरुरी छ तर त्यसका लागि संसारका विद्यमान चरित्रको बोध वा संज्ञान पनि उत्तिकै आवश्यक छ । संसारमा विद्यमान कुरूपता, असङ्गति र यसका कारकको बोध नगरी संसार बदल्ने आवश्यकतालाई गहिरो गरी आत्मसात् गर्न सकिन्न ।

रचनामा जीवनलाई त्यसका सत्यतामा प्रस्तुत गर्नका लागि जीवनबाटै सामग्री लिनु आवश्यक हुन्छ । यसका लागि सोझै श्रमजीवी मानिसहरूका माझमा जाने, तिनका जीवन र सङ्घर्षसँग एकाकार भई जीवनको बोध र त्यस्तो बोधबाटै सामग्री सङ्कलन गर्ने काम गर्न सकिन्छ । अर्को आफ्नै र अरूका जीवनभोगाइबाट प्राप्त अनुभवका साथै इतिहासबाट (अर्थात् द्वितीयक स्रोतबाट) सामग्री सङ्कलन गर्ने । यो दोस्रो तरिकाबाट सामग्री सङ्कलन गर्दा कहिलेकाहीँ विश्वसनीयताको समस्या पनि आउन सक्छ । त्यस्तो अवस्थामा अन्य माध्यमबाट त्यसका सत्यपरकताको परीक्षण गरेर उपयोग गर्न सकिन्छ ।

अन्य धारा र खास गरी पुँजीवादी धाराका कलाले जीवनसत्य (यथार्थ)लाई, त्यसको विश्वसनीय र प्रतिनिधिमूलक प्रस्तुतिलाई महङ्खव दिँदैन किनभने जीवनको सौन्दर्य र त्यसप्रतिको पक्षधरताप्रति त्यसको चासो हुँदैन । अर्को शब्दमा भन्दा त्यसमा यथार्थप्रतिको निष्ठा हुँदैन । जीवनका रुग्ण, नग्न, मूल्यहीन असङ्गत, विद्रूप पक्ष हुनु पनि त्यसका लागि स्वीकार्य छ, र छ मात्र होइन, त्यसले यस्तै पक्षको उदात्तीकरणमा रुचि लिन्छ । त्यसका लागि के (यथार्थको /जीवनको कुन पक्ष) प्रस्तुत गरिन्छ, त्यो महङ्खवपूर्ण हुँदैन, कसरी प्रस्तुत गरिन्छ, त्यो महङ्खवपूर्ण हुन्छ । त्यसैले यस्तो कला रूपवादी हुन्छ । हामी रूपवादी कलालाई सुन्दर ठान्दैनौं किनभने त्यसले हाम्रासामु हाम्रो जीवनयथार्थलाई भ्रामक ढङ्गले प्रस्तुत गर्छ । हामी किन उत्पीडित छौं, कसले यो उत्पीडन गरिरहेको छ र संसारलाई कुरूप बनाउने को/कुन वर्ग हो भन्ने कुरामा यसले पर्दा हाल्छ र छोप्छ । त्यसैले जब हामी सुन्दर कला (कथा) को सिर्जना गर्ने कुरा गर्छौं, तब यसको जीवनको सत्यपरक संज्ञानको भूमिकालाई केन्द्रमा राखेर, जीवनका निकट गएर अनि त्यसका गतिशीलताको बोध गरेर कथामा त्यसलाई पुनःसिर्जित गर्नु आवश्यक हुन्छ ।

*४.सुन्दर कथा निर्माणको सङ्कल्पात्मक आधार*

सुन्दर कला (कथा) रचनाको दोस्रो आधार कथाका अन्तर्यमा रहने सङ्कल्प/सोद्देश्यता वा शिवम्को दृष्टिकोण हो । प्रगतिवादी लेखन सोद्देश्य वा प्रयोजनमूलक लेखन हो । हामी स्वान्तःसुखायका लागि लेख्दैनौं । हामी सिङ्गो समाजलाई बदल्नका लागि लेखिरहेका छौं/लेख्छौं । यही सङ्कल्पको तात्पर्य हो जसलाई शिवम् पनि भन्न सकिन्छ । कलाको शुद्ध सौन्दर्यात्मक र आनन्दको प्रयोजन अर्थपूर्ण हुँदैन । त्यसको सौन्दर्य त्यसले हामीलाई/पाठकलाई आफूलाई/समाजलाई बुझ्न र त्यसलाई बदल्न कति प्रेरित गर्छ, कति ऊर्जा, उत्प्रेरणा दिन्छ भन्ने कुरामा निर्भर गर्छ र निरूपित हुन्छ । कुनै रचनामा जीवनको एउटा पक्ष आएको हुन सक्छ । त्यो जीवनभोगाइ हो भन्न पनि सकिने होला तर 'यो जीवन भोगाइ नै हो नि' भनेर पुग्दैन । त्यो त निष्क्रिय प्रकारको सामाजिक यथार्थ हुन सक्छ । कहिलेकाहीँ जीवनका नग्नतालाई पनि कतिपयले 'यथार्थ नै त हो' भनेर प्रस्तुत गर्छन् । त्यो यथार्थ त हो तर प्रकृतवादी यथार्थवाद ।

हामी जुन यथार्थको कुरा गरिरहेका छौं, त्यो निष्क्रिय सामाजिक यथार्थ वा प्रकृतवादी (नग्न/भद्दा) यथार्थ होइन । यथार्थको बोध मात्र पर्याप्त छैन, संसार बदल्ने अभियानको उत्प्रेरक भूमिका (सङ्कल्प) पनि सँगसँगै छ । यो पक्ष पनि रचनामा यथार्थसँगै आउनुपर्छ । यो त्यतिबेला आउँछ, जतिबेला हामी निष्क्रिय/जड यथार्थको होइन, गतिशील यथार्थको प्रतिबिम्बन गर्छौं । यसबारे लुना चार्स्कीको भनाइ ध्यानदिन योग्य छ । उनी भन्छन्, "हामी यथार्थलाई अङ्गीकार गर्छौं तर त्यसका स्थिर रूपमा होइन, अपितु एउटा कार्यभारका रूपमा एउटा विकासशील परिघटनाका रूपमा ।... हाम्रो यथार्थवाद अत्यन्त गतिशील छ" । यसबाट स्पष्ट हुन्छ, विशिष्ट यथार्थवादी (अझ समाजवादी यथार्थवादी) रचनामा सामाजिक यथार्थका सन्दर्भलाई स्थिर वा जड यथार्थका रूपमा होइन, जीवन जिउने क्रममा जीवनलाई सहज बनाउन, यसलाई बदल्न र सुन्दर बनाउनका लागि मान्छेले व्यक्तिगत रूपमा र सामूहिक रूपमा जुन श्रम र सङ्घर्ष गर्छन्, त्यसलाई प्रतिबिम्बित गरिन्छ । 'गतिशीलता'को तात्पर्य मान्छेको सतत् सङ्घर्ष हो । मार्क्सले भनेझैँ जीवन बाँच्नका लागि अनिवार्य रूपमा मान्छे उत्पादन प्रक्रियामा अर्थात् श्रमपूर्ण क्रियाकलापमा सहभागी हुन्छ । यही श्रमपूर्ण सहभागिताले गतिशील यथार्थको निर्माण गर्छ ।

सङ्कल्प/सोद्देशयता वा समाज बदल्ने चेतना वा त्यसको आवश्यकताबोध सोझै भाषणका रूपमा आउनु कलात्मक सिर्जनको अभिलक्षण भने होइन । प्रसङ्ग, परिवेश र पात्रको भूमिकाविशेषका सन्दर्भमा कहीँ स्वाभाविक किसिमले परिवर्तनकारी विचारको अभिव्यक्ति पनि हुन सक्छ; जस्तो उदाहरणका लागि इस्मालीजीको 'बाटो' कथामा कोइरी मास्टर (रामसोगारथ) ले जमिन्दारकहाँ बँधुवा मजदुरी गरिरहेको सुरथ (सुरथा) लाई उसको विद्यमान जीवनयथार्थ र त्यसको अँध्यारो भविष्यबारे बुझाउने/सचेत बनाउने प्रयत्न गरेको छ र त्यस क्रममा विचारहरू आएका छन् तर ती अत्यन्त स्वाभाविक छन् । प्रायः सुन्दर रचनामा भाषणबाजी वा नाराका रूपमा समग्र रचनाको अन्तर्वस्तुबाट सङ्कल्पको पक्ष ध्वनित/व्यञ्जित हुन्छ । हिजोको कार्यशालामा प्रस्तुत कतिपय कथामा भने सामाजिक यथार्थसँग सम्बद्ध घटनालाई सामान्य ढङ्गले राखेर छोडियो जसले गर्दा त्यस्ता कथा सामान्य सामाजिक यथार्थवादी स्तरमा सीमित रहन पुगे ।

सङ्कल्प विचारसँग जोडिन्छ । विचारसँग जोडिएर यो रचनामा मूर्तीकृत हुन्छ । समाजवादी यथार्थवादी अर्थात् प्रगतिवादी स्रष्टाले यथार्थबाट सामग्री चयन गर्दा र त्यसलाई कथारूप दिने प्रयत्न गर्दा ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणलाई आधार बनाउनुपर्छ । यसो गर्न सकिएन भने हाम्रो रचना आदर्शवादी बन्न पुग्ने र यथास्थितिको अङ्कनमै सीमित रहने हुन्छ । हिजो प्रस्तुत छायाजीको कथाको अन्त्य त्यस्तै आदर्शवादी बन्न पुग्यो । अहिलेका नेताहरूको भाषण तथा तिनका अभिव्यक्तिमा प्रयोग गरिने भाषालाई मूल विषय बनाएर लेखिएको उक्त कथाका अन्त्यमा सभ्य, शिष्ट भाषामा भन्दा नेता राम्रो हुन्छ भन्ने आशय व्यक्त गरेर कथा टुङ्ग्याइएको छ । वर्तमानमा संसदीय अभ्यासमा संलग्न पुँजीवाद (अझ दलाल पुँजीवाद) का पोषक नेताहरूमा आदर्श चरित्रको अभाव केवल अमर्यादित भाषाका कारण सिर्जना भएको होइन । त्यो त तिनमा रहेको/तिनले आत्मसात् गरेको वर्गीय दृष्टिकोण र तदनुरूपको व्यवहारका कारण हो । त्यसैले नेताहरूको चरित्रलाई द्वन्द्वात्मक भौतिकवादी ढङ्गले बुझ्ने कुरामा कमी हुँदा यो कथा परिणाममा आदर्शवादी बन्न पुग्यो । रचनामा यस्ता स्थितिहरू नजानिँदो किसिमले आउन सक्छन् । कुनै कुरा (घटना, व्यक्ति) खराब लाग्छ भने त्यो रूप (बाह्य पक्ष)का स्तरमा मात्र हो कि त्यसका अन्तर्वस्तुकै तहमा ऊ खराब छ भन्ने कुरालाई समेत आधार बनाएर हेर्नुपर्छ । अथवा कोही बोलीवचनमा नरम, भद्र देखिन सक्छ तर विचारका अन्तर्यमा ऊ यथास्थितिको, उत्पीडक वर्ग र सत्ताको पोषक हुन सक्छ । यी दुबै पाटालाई हेर्नु आवश्यक हुन्छ । यो द्वन्द्वात्मक हेराइ हो । यसरी हेर्न सके मात्र हामी चरित्रप्रति न्याय गर्न सक्छौं ।

रविकिरणजीको 'सट्टा मृत्यु' कथामा पनि यस्तै समस्या छ । *बाँकी ८ पेजमा*

## ❑ यो साता कविता (तीज गीत)

❑ तीज गीत

### नारीको अधिकार, नरोकिने स्वर



❑ कलावती दयाल

*अखिल भारत नेपाली एकता समाज केन्द्रीय सदस्य तथा बेङ्लोर दक्षिण महिला नगर अध्यक्ष*

*कति बर्सौं नारी हामी भन्से मात्र भएर*
*सधैंभरी पीर व्यथा मनमा सहेर ।*

*जाग उठ दिदीबहिनी संगठित भएर*
*कति बिस्ने हामीहरू अत्याचार सहेर।*

*आयो भन्छन गणतन्त्र देशमा शान्ति छैन रे*
*अब हामी जुट्न पर्छ देशको मुहार फेर्न रे।*

*हिड जाउँ दिदीबहिनी स्वदेशमै फर्केर*
*कति दुस्ख सहने हाम्ले विदेशमा बसेर ।*

*चंद्रमा पुगेर फर्किसके नारीले*
*हामीलाई कहिले छोडयेन घासको भारी ले ।*

*अरू देशका नारी ले कति विकास गरेका*
*हामी मत्रै चेली किन पछिपरेका।*

*उठ उठ हे नारी वीर, तोडनै पर्छ यो अंधाकानूनको जंजीर*

*तीजमा आउने महिलाहरू लाई*
*संगठनमा जुटाउ है, हाम्रो महिला विभागलाई अघि बढाउँ है।*

*संसारलाई बदल्ने शक्ति छ दिदीबहिनी हामीमा*
*विश्व हल्लिनेछ नारीको आवाजमा।*

### बिदेश नजाउ है



❑ विष्णु शर्मा, पाण्डेचेरी

*सबै माझ आएकी छु एउटा गित लिएर ।*
*सुन्नुहोला सबैले ध्यान दिएर॥*

*एउटा कुरा बुझे मैले, प्रदेशमा बसेर ।*
*पैसा दियो बिदेशले, हासो खोसेर॥*

*चाडँवाडको बेलामा, सबको मन अमिलो ।*
*दायाँ बाया दिदीबहिनीलाई, देख्छु धमिलो॥*

*देशभित्र चाडँवाड, महङ्गा भए आजकल ।*
*दुख भयो एक अर्काको, गर्दा नक्कल॥*

*खर्च गर्न छाडी सकेउ, आफ्नो खल्ती हेरेर ।*
*तेसै युवा गएका छैनन्, देश छोडेर॥*

*सरकारी जागिर छाडी, बिदेश गए कति त*
*उहाँ पनि खुशी छैनन्, खोजे जति त।*

*चाँडै पिच्छे गहना र कपडाको रास छ ।*
*घरमा एउटा सन्तान छ, उसकै आशा छ॥*

*१२ पास कहिले गर्ला, बस्नु पर्ने कुरेर ।*
*कैले बिदेश जालानी, भाषा पढेर॥*

*१७ बर्षे उमेरमै, काम गर्दै पढ्ने हो ।*
*पराइ देशमा अभिभावक, आफै बन्ने हो॥*

*तनाव सहन नसकेर, कति घटे घटना ।*
*यो कुराको हुनुपर्यो, सबलाइ रटना॥*

*जिम्मेवारी सुम्पन्छौ, परिपक्व नहुदै ।*
*समस्याले दस्तक दिन्छन्, ठाउमा नपुदै॥*

*आफूसंग जति छ, त्यसैमा रमाउन ।*
*टाढा बसी सकिदैन, खुशी कमाउन॥*

*बा आमाका निला ओठ मुख, सन्तानको पिरले ।*
*त्यो पिडालाई बिदेशको क्यारो हिराले॥*

*एक जोर कपडा फेर्थ्यौं, पहिले एक बर्षमा ।*
*आटो पिठो खाएरनी, थियौ हर्षमा॥*

*अब त्यही मानसिकता हामीले नी बनाउन ।*
*बाध्यता नपरी बिदेश नजाउ ना॥*

## सरकारी...

अहिले ओली नेतृत्वको भ्रमण दलबाट मानिसहरु गायव हुँदा पार्टीमा उनीमाथि प्रश्न उठेन ।

(२) **गृहमन्त्री रमेश लेखकको भिजिट भिसा काण्ड** : गत जेठ महिनामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन विभाग प्रमुख तिर्थराज भट्टराईलाई अख्तियार दुरुपयोग निवारण आयोगले नियन्त्रणमा लिएपछि भिजिट भिसाको आवरणमा गृहमन्त्रीको सचिवालयले दैनिक ५० लाखका दरले रकम बुझ्ने गरेको कुरा खुल्न आउँदा गृहमन्त्री रमेश लेखकलाई पनि मानव तस्करीको आरोप लाग्यो। उनले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने तर दिएनन् । राजीनामा दिन खोजे पनि प्रधानमन्त्री र शेरबहादुर देउवाले उनलाई राजीनामा दिनबाट रोके । उनीहरूले लेखकको ढाकछोप गरेर उनको बचाउ पनि गरे । छानबिन समिति बन्यो । तर छानबिन नगरी उनलाई उन्मुक्ति दिइयो।

(३) **गिरीबन्धु टी इस्टेट काण्ड** : गिरिबन्धु टी इस्टेट इलाम , झापा क्षेत्रमा रहेको नेपालको ठूलो चिया उद्योगहरु मध्येको एक चिया बगानको नाम हो । वि .सं. २०६६ साल देखि यसको विवाद सार्वजनिक भयो र यसको बैधानिकता बारेमा सर्बोच्चमा मुद्दा पऱ्यो । यो मुद्दामा २०८१ माघ २५ (फेब्रुअरी -७,२०२५) मा सर्बोच्चले सरकारको विपक्षमा फैसला सुनायो । ओली नेतृत्वको सरकारले सर्वोच्चको फैसला उल्टाउँदै विर्तामोड नगरपालिकालाई ३४३ बिघा जग्गा हस्तान्तरण गर्ने निर्णय गऱ्यो। जसलाई सर्वोच्चले अवैधानिक ठहराएको थियो। त्यसपछि वि.सं.२०८१ पौष (सन् २०२५ जनवरी)मा सरकारले २९ वटा कानुन संशोधन गर्ने अध्यादेश जारी गर्दै उक्त निर्णयलाई वैधानिकता दिने दुश्प्रयास गऱ्यो। यसको विरुद्धमा सर्वोच्च अदालतमा दर्ता भएको अवज्ञा मुद्दा अहिले कानुनी प्रक्रियामा रहेको छ। सरकारले चोखिखने कसरत गर्दै छ । के हुन्छ , हेर्न बाँकी छ ।

(४) **मन्त्री राजकुमार गुप्ता घुस प्रकरणः** असार ३०, २०८२ (१५ जुलाई ,२०२५ ) मा ओली सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री समेत रहेका राजकुमार गुप्ताले पोखरामा बाटुलेचौरको लिची बगानको १३५ रोपनी जग्गा अनियमित गर्न,खेम पुनलाई कास्कीको भूमि आयोगको अध्यक्ष बनाउन र जिल्ला मालपोत कार्यालयको हाकिम सरुवाको सेटिङ्ग मिलाउनको लागि रु ७८ लाख घुस डिल गरेको अडियो सार्वजनिक भएको आधारमा मन्त्री पदबाट राजीनामा दिनु पऱ्यो । पदबाट नैतिक रूपमा राजीनामा दिने कुरा ठिक छ । राजीनामा मात्र समाधानको बाटो होइन । दोषीलाई कार्वाही गर्नु पर्दछ । तर ओलीको नेतृत्वमा रहेको सरकारले भ्रष्ट कार्यहरू नियन्त्रण गर्दैन । मन्त्रीलाई कार्वाही गर्ने तर्फ चासो देखाएको छैन । बरु भ्रष्टाचारीहरूको संरक्षण गर्नेतर्फ ओली सरकार उद्धत रहेको देखिन्छ ।

(५) **मन्त्री बलराम अधिकारी** : भूमि ब्यवस्थापन तथा गरीबी निवारण मन्त्री बलराम अधिकारी पनि यो अडियो काण्डमा मुछिएका छन् । उनको बारेमा पनि कास्कीको भूमि आयोगको अध्यक्ष बनाउन रु २००००/घुस दिने भन्ने अडियो सार्वजनिक भएको छ । उनले पैसा खाइसकेको तर काम नगरेको कुरा गुप्ताले बताएका छन्। यति हुँदा पनि अधिकारीले राजीनामा दिएका छैनन् । गुप्ता र अधिकारी दुवै एमालेबाट मन्त्री भएका हुन्। उनलाई पनि प्रधानमन्त्रीको संरक्षण रहेको छ।

(६) **ओमनी उपकरण खरिद प्रकरणः** कोभिड -१९ महामारी ताका वि.सं.२०७७ बैशाख (सन् २०२०)मा स्वास्थ्य उपकरण खरिद गर्ने सम्झौता ओमनी नामक कम्पनी संग गरिएको थियो । २०७७ असोज २९ मा सरकारी रुपबाटै ब्ल्याक मेल गरियो । त्यस कम्पनीबाट उपकरण खरिद गर्दा अत्यधिक महँगो र गुणस्तरहीन मेडिकल उपकरण खरिद गरियो । यस मुद्दामा उच्चतहका सरकारी अधिकारीहरूसँग बढ्दो गठजोड रहेको रिपोर्ट गरिएकाले यो भ्रष्टाचारको प्रमुख दृष्टान्त बन्न पुगेको छ ।

(७) **वाइड-बडी विमान खरिद काण्डः** नेपाल एयरलाइन्सका लागि ६ अरब रुपैयाँको लगानी गरी दुई ''वाइड-बडी" विमान खरिद गर्दा स्वच्छ र पारदर्शी प्रक्रिया बिना गरिएको खर्चमा बढी मूल्य देखाएर अनियमितता गरेको देखिएको छ । यद्यपि यस काण्डमा अमेरिकी कम्पनीलाई घुस सम्बन्धी जरिमाना गरिएको बहाना बनाइएको थियो।

(८)**गोकर्ण रिसोर्ट भूमि सम्झौताः** बिना प्रतिस्पर्धा गोकर्ण रिसोर्टको जमिन २५ वर्षको लागि यति होल्डिङसलाई लिजमा दिने निर्णय गरियो। अडिट कार्यालयले यस निर्णयलाई अवैध र अपारदर्शी भएको बतायो । २०८१/८२ तिर विशेष रूपमा अडिट र राजनीतिक आलोचना तीब्र बन्न पुग्यो ,जसले यसलाई यस कार्यकालमा महत्वपूर्ण घटना बनायो । यो अबैध मात्र नभएर अपारदर्शी पनि भएकोले भ्रष्टाचार नै भएको कुरा स्पष्ट बुझ्न सकिन्छ ।

(९) **ललिता निवास भूमि घोटलाः** एमालेका नेताहरूले प्रधानमन्त्रीलाई बिपक्षीद्वारा अनियमितता को आरोप लाग्दा समेत त्यसलाई सही ठहर गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग (ऋक्ष्ब्ब) प्रभावित भएको र उच्च तहका ब्यक्तिहरुलाई कारवाही गर्न ढिलाइ र आनाकानी गरेको देखिएकाले यो भ्रष्टाचारको षड्यन्त्र नै हो भन्न सकिन्छ । यो मुद्दा केही वर्ष पहिले २०७९/८० देखि नै छानबिनमा रहेको थियो र अहिलेसम्म पनि छानबिन कार्य जारी नै छ । जो बनावटी र देखावटी मात्र हो ।

यस्ता भ्रष्टाचार काण्डहरू अनगिन्ती छन् । माथि उल्लेखित काण्डहरू केपी ओली सरकारसँग संलग्न मध्ये मुख्य-मुख्य काण्डहरू मात्र हुन्। एक वर्षमा मात्र भएका सबै भ्रष्टाचार काण्डहरू बयान गर्न नसकिने रहेका छन् ।

यो देशमा राजतन्त्रको पालामा कति भ्रष्टाचार भएहोला ? पन्चायती काल , राणा शासनकाल र त्योभन्दा अघि जहाँ स्वतन्त्र पत्रकारिताको व्यवस्था थिएन र छानबिनको बलियो संयन्त्र थिएन। अझ भनौं भने मानिसलाई समाजमा सार्वजनिक रुपमा बोल्ने , लेख्ने , छपाउने संगठन गर्ने स्वतन्त्रता थिएन । त्यसबेला कति भ्रष्टाचार काण्डहरु भए होलान् ?

यसरी युगौं युगसम्म यो देशमा कैयौं भ्रष्टाचारहरू भए। यही कारणले देश हरिकंगाल भयो।अझै पनि यो देशका सामन्ती दलाल नोकरशाहीहरुले यही भ्रष्ट व्यवस्थालाई कायम राख्ने पर्यत्न गर्दैछन् । जनताले सर्वप्रथम यो कुरा बुझ्न जरुरी छ कि भ्रष्टाचार नियन्त्रण गर्न सकिएन भने हामी सदा सर्बदा यस्तै हुने र हाम्रो अवस्था यही रहिरहने छ वा देश असफल राष्ट्रको रूपमा विघटन पनि हुन सक्दछ।

यो भ्रष्ट व्यवस्थामा भ्रष्टाचारलाई निर्मूल गर्न सम्भव छैन। यसमा जसले सत्ता हात पार्यो उसैले भ्रष्टाचार गर्दछ। यो व्यवस्थामा चुनावमा भाग लिएर भोट दिनु भनेको जनताले भ्रष्टाचारलाई अनुमोदन गर्नु हो। यो देशमा आजसम्मको इतिहासको कुनै काल खण्डमा भ्रष्टाचार नभएको इतिहास छैन। त्यो हिसाबले अब पनि यही व्यवस्थामा सरकारमा गएर कसैले पनि भ्रष्टाचारको अन्त्य गर्न सक्ने छैन। भ्रष्टाचार थोरै धेरै कति गर्न सकिन्छ भन्ने मात्र सरकारको लक्ष रहेको हुन्छ। यो भ्रष्ट ब्यवस्थामा जनताले भ्रष्टाचारको विरोध गरे पनि अन्त्य गर्न सकिँदैन । भ्रष्टाचार न्यूनीकरण कति गर्न सकिन्छ भन्ने कुरा मात्र हो। भ्रष्टाचारलाई केही न्यूनीकरण गरेर मात्र यो सदियौंदेखि भ्रष्टाचारले चुसेको देशमा कुनै सुधार हुने कुरा छैन। त्यसकारण यो देशलाई सुधार्न र बनाउन भ्रष्टाचारबाट मुक्त हुनुपर्दछ । देश भ्रष्टाचारबाट मुक्त हुन यो भ्रष्ट दलाल नोकरशाही संसदीय व्यवस्थाबाट सम्भव छैन ।

भ्रष्टाचारबाट मुक्त हुने व्यवस्था वैज्ञानिक समाजवादी व्यवस्था मात्र हो । तर यो भ्रष्टाचारले रित्तो, खोक्रो बनाएको देश सिधै समाजवादमा परिणत हुन सम्भव छैन । किनकि समाजवादमा सामाजिक अर्थतन्त्रको व्यवस्था गरिन्छ र समानुपातिक वितरणको व्यवस्था हुन्छ। त्यसको लागि अहिलेको आर्थिक अवस्थाले समाजमा आवश्यकता अनुसारको समानुपातिक वितरण सम्भव छैन । त्यसो हुनाले समाजवादी व्यवस्थाभन्दा पहिले नै त्यसलाई भ्रष्टाचारमुक्त बनाएर आवश्यकता अनुसार समानुपातिक वितरण गर्न पुग्ने आर्थिक विकास गर्न जरुरी हुन्छ । त्यसको लागि देशमा नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर सर्वहारा वर्गको नेतृत्व र किसान मजदुरको अधिनायकत्वमा जनगणतान्त्रिक सरकारको स्थापना गरी आवश्यकता अनुसारको अर्थतन्त्रको विकास गरी जनवादी क्रान्तिको खुड्किलो पार गरेर मात्र वैज्ञानिक समाजवादमा सङ्क्रमण गर्नुपर्दछ । त्यहाँ मात्र व्यक्तिगत सम्पत्तिको व्यवस्था नहुने हुनाले देश स्वभावैले भ्रष्टाचारमुक्त हुन्छ । भ्रष्टाचार मुक्त मात्र नभएर समाजवादमा शोषण,दमन,अन्याय , अत्याचार,भ्रष्टाचार , बलात्कार , राष्ट्घात,जनघात,हत्या ,हिंसा ,चोरी ,डकैती , घुसखरी ,सुतखोरी , कमिसनखोरी , तस्करीआदि सबैबाट मुक्तभएर शोषणरहित सुन्दर बैज्ञानिक समाजवादी समाजको निर्माण हुन्छ।

यो संकल्प पूरा गर्न हामी कसैको एकल चाहना र प्रयासले मात्र सम्भव हुँदैन । यसको लागि मुट्ठीभर प्रतिक्रियावादीहरुलाई छाडेर देशभक्त, जनतान्त्रिक ,वामपन्थी र क्रान्तिकारी शक्तिहरु लगायत तमाम नेपाली जनता एकजुट भएर बृहत् जन संघर्ष , जन प्रतिरोध संघर्ष , जनविद्रोह हुदै आवस्यकता अनुसार सशस्त्र विद्रोह गर्नु पर्दछ , जसको लागि आज राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति तयार भएको छ । देशले भ्रष्टाचार जस्ता अन्य जघन्य अपराधबाट मुक्त हुन पनि यो संघर्षको माग गरेको छ । त्यसैले हामी तमाम नेपाली न्यायप्रेमी जनसमुदायहरु यो अभियानमा जुटौं । धन्यवाद ।

*२०८२ साउन ११ गते*

## बेङ्गलोरमा...

गर्ने, दर खाने अवसरको रूपमा बुझिन्छ। यस अवसरमा चेलीहरू माइत आउँछन् । दुग्धजन्य परिकार सेवन गर्छन् । नाचगान गर्छन् । गीतको माध्यमबाट मनको वेदना पोख्छन् । अहिले तीजको स्वरूप पनि फेरिदै गएको छ ।

हिजोआज तीज भड्किलो हुँदै छ भने तीजको रमझममा पनि पश्चिमेली शैली मिसिन थालेको देखिन्छ । फलस्वरूप तीज केही उत्ताउलो समेत हुन थालेको र यसको मौलिकता पनि हराउन थालेको छ । अखिल भारत नेपाली एकता समाज महिला बिभागले महङ्गो र पश्चिमेली छाडा सांस्कृतिक विकृतिका बिरूद्ध प्रगतिशील संस्कृतिको अभिबृद्धि गर्नु आवश्यक भएकाले प्रगतिशील गीत, नृत्य प्रस्तुत गरिने समाजले जनाएको छ ।

## बहुविवाहलाई...

पितृसत्तात्मक सोचको उपज हो ।यसले समाजमा झनै अराजकता र बिभेदलाई बढवा दिने हुनाले कानुन संशोधन तत्काल खारेज गर्न जोडदार माग गद्र्छौ । अन्यथा हामी सरकारको प्रतिगमनकारी कामका विरुद्ध संघर्षमा उत्रन बाध्य हुनेछौ साथै सम्पूर्ण मुक्तिकामी महिला तथा सचेत जनसमुदायलाई प्रतिक्रियावादी सरकार विरुद्ध संघर्षमा उत्रन हार्दिक अव्हान गर्दछौं । ”

***बहुविवाहको कालो कानून***

कानून मन्त्रालयले विवाहित पुरुषले अर्की महिलासँग सम्बन्ध विस्तार गर्दा गर्भ रहे वा बच्चा जन्मिए दोस्रो विवाह कायम हुने गरी संहिताको धारा १७५ संशोधन गर्न लागेको छ ।

दोस्रो विवाह हुनै नसक्ने कानुनी अवस्थाले महिला पीडित हुन पुगेकाले कानुन संशोधन गर्ने तयारी अघि बढाइएको मन्त्रालयले जनाएको छ । ‘विवाह गर्ने हक स्वतन्त्र हो नि । कसैको मन पहिलो पत्नीसँग मिलेको रहेनछ भने उसले अर्की महिलासँग सम्बन्ध राख्छ र बच्चा पनि जन्मिन्छ भने त्यो सम्बन्धलाई विवाहमा परिणत नगर्दा दोस्रो महिलाको जीवन बर्बाद भयो, धेरै महिला सडकमै आइपुगे,’ कानुन मन्त्रालयका सचिव पाराश्वर ढुंगानाले भन्नुभयो, ‘त्यसलाई रोक्न हामीले सर्तसहितको दोस्रो विवाहलाई कानुनी मान्यता दिने व्यवस्था गर्न लागेका हौं ।’

मौजुदा कानुनमा विवाह भइसकेको अवस्थामा अर्की महिलाबाट बच्चा जन्मिए दुवै पुरुष र महिला बच्चाका लागि बाबु-आमा हुने, बच्चाले पाउने सबै अधिकार पनि बाबु-आमाबाट पाउने तर उनीहरूको सम्बन्ध पति-पत्नीको हुन नसक्ने प्रावधान छ । बहुविवाह गर्नेलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद र १० हजारदेखि ५० हजारसम्म जरिवाना हुने पनि कानुनी व्यवस्था छ ।

मुलुकी अपराध संहिताको दफा १७५ मा ‘बहुविवाह गर्न नहुने’ भनिएको छ । त्यसअन्तर्गतको उपदफा १ मा विवाहित पुरुषले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा दोस्रो विवाह गर्न नहुने उल्लेख छ । यसलाई संशोधन गरेर विधेयकको मस्यौदामा ‘विवाहित पुरुषले’ भन्नुको सट्टा ‘कुनै पनि विवाहित व्यक्तिले’ भन्ने राखिएको छ ।

‘यसले महिला र पुरुष दुवैलाई बहुविवाह गर्नबाट रोक लगाउँछ,’ सचिव ढुंगानाले भने, ‘हालको व्यवस्थामा महिलालाई दोस्रो विवाह गर्न छुट दिएजस्तो अवस्था थियो, अब त्यो अन्त्य हुनेछ ।’

उपदफा २ मा ‘कुनै पुरुष विवाहित हो भन्ने जानीजानी त्यस्तो पुरुषसँग महिलाले विवाह गर्नु हुँदैन’ लेखिएको छ, जसलाई विधेयकको मस्यौदाले खारेज गरिदिएको छ । उपदफा ३ मा पति-पत्नीको अंश बन्डा भए दोस्रो विवाह गर्न सक्ने प्रावधान छ । संशोधन विधेयकको मस्यौदामा यसलाई यथावतै राखिएको छ । बहुविवाह गर्नेलाई हुने कैद सजाय र जरिवानासम्बन्धी व्यवस्था रहेको उपदफा ४ लाई पनि यथावत् राखिएको छ । हालको ऐनको दफा ५ मा बहुविवाह स्वतः बदर हुने उल्लेख छ । संशोधित मस्यौदामा भने झुक्याएर गरिएको विवाह स्वतः रद्द हुने र त्यसमा सजाय पनि हुने तर महिला गर्भवती भए वा बच्चा जन्मिए विवाह बदर नहुने उल्लेख छ ।

विधिशास्त्रीहरूले प्रस्तावित मस्यौदालाई कानुनी रूप दिए समाजमा फेरि बहुविवाहको ‘प्रकोप’ भित्रने भन्दै आपत्ति जनाएका छन् । ‘यो व्यवस्था पुरुषले जति वटी राखे पनि हुन्छ भन्ने पितृसत्ताको पुरानै मान्यतामा अडिएको छ, नत्र कुनै पनि सभ्य समाजमा दुई वटा विवाह हुनै सक्दैन,’ पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले भन्नुभयो, ‘यो प्रावधानले महिला हिंसा निम्त्याउँछ । यसलाई ऐनका रूपमा लागू गर्नु प्रतिगमन मात्रै होइन, महाप्रतिगमन हुनेछ ।’

***६ वटा संगठनको संयुक्त विरोध***

राजनीतिक दलका महिला सङ्गठनहरुले बहुविवाहलाई कानुनी मान्यता दिने कुनै पनि संशोधनप्रति गम्भीर आपत्ति जनाउँदै त्यस प्रकारको प्रतिगामी कानुन नल्याउन सरकारलाई कडा चेतावनी दिएका छन् ।

अखिल नेपाल महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष अमृता थापा, अखिल नेपाल महिला सङ्घकी अध्यक्ष मीना पुन, कावा अध्यक्ष मेनका पोखेल, समाजवादी महासचिव राजेन्द्रलक्ष्मी गैरे, बन्धु चन्द र क्रान्तिकारी महिला संगठन नेपालकी सहसंयोजक शारदा महतलगायत नेतृहरुले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै भनेका छन्, “महिलाविरुद्ध ल्याउन लागिएको प्रतिगामी कानुनप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । यस्तो विभेदकारी संशोधन महिलाले स्वीकार गर्ने छैनन् ।”

उनीहरुले नेपाल सरकारलाई चेतावनी दिँदै भनेका छन्, “नेपालको संविधान २०७२ को मर्म अनुकूल नभएको, महिलाविरुद्ध विभेद र हिंसा बढाउने कानुन तत्काल खारेज गरिएन भने हामी संघर्षमा जान बाध्य हुनेछौं ।”

हाल मस्यौदामा रहेको संशोधनले विशेष परिस्थितिमा बहुविवाहलाई कानुनी रूपमा छुट दिने व्यवस्था गर्न लागिएको भन्दै सङ्गठनहरुले तीव्र आपत्ति जनाएका छन् । उनीहरुको दाबी छ– “त्यस्तो कानुनी व्यवस्थाले महिलामाथिको उत्पीडन र लैङ्गिक असमानतालाई थप सस्थागत गर्ने खतरा छ ।”

मुलुकी अपराधसंहिता २०७४ अनुसार २०७५ साल भदौ १ गतेदेखि बहुविवाह पूर्णरूपमा निषेध गरिएको छ । तर कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले हाल ल्याएको संशोधन मस्यौदामा ‘विशेष परिस्थिति’ को आधारमा बहुविवाहलाई कानुनी जालोभित्र ल्याउने तयारी भएको जनाइएको छ, जसप्रति महिला सङ्गठनहरुले एकस्वरमा विरोध जनाएका छन् ।

***चौतर्फी विरोध***

सरकारले बहुविवाहलाई कानूनी मान्यता दिने गरी कानुनको मस्यौदा तयार पारेको खबर सार्वजनिक भएपछि देशभर चर्को विरोध सुरु भएको छ । महिला अधिकारकर्मी, कानुन व्यवसायीदेखि सर्वसाधारणसम्मले यस कदमको कडा आलोचना गरेका छन् ।

विसं २०७२ मा आएको संविधानपछि बहुविवाहलाई स्पष्टरूपमा गैरकानुनी घोषणा गरिएको थियो । अहिलेसम्म संविधान, सर्वोच्च अदालतका फैसला र अन्तर्राष्ट्रिय सन्धिहरुले बहुविवाहजस्तो विभेदकारी अभ्यासलाई निषेध गरेका छन् । तर अब सरकारले त्यसलाई उल्ट्याउने प्रयास गरिरहेको छ ।

महिला नेतृहरुका अनुसार यो मस्यौदाले महिलाको अधिकार कुण्ठित गर्छ, महिलालाई वस्तु वा बच्चा जन्माउने मेसिनको रूपमा प्रस्तुत गर्छ । सरकार बहुविवाहको कारण महिलाको सुरक्षाको तर्क दिन खोज्दैछ । तर त्यो तर्क आफैंमा पितृसत्तात्मक सोचबाट निर्देशित छ । एउटी महिलाको सुरक्षाको नाममा अर्की महिलाको आत्मसम्मान र अधिकारमाथि प्रहार गर्ने कानुन बन्नु न्यायसम्मत होइन । बहुविवाहलाई कानूनी मान्यता दिनेगरी कानुन बनाउँदा समाजमा महिलामाथिको हिंसा, घरेलु द्वन्द्व, यौन शोषण र असमानता बढ्ने उनीहरुको तर्क छ ।

यसैगरी सरकारले बहुविवाहलाई कानुनी मान्यता दिएको भन्दै सामाजिक सञ्जालदेखि सडकसम्म यसको तीव्र विरोध भइरहेका बेला अनशनमा बसेकी महिलाअधिकारकर्मी बिनु यादवले उक्त प्रस्तावित कानुन महिलामाथिको हिंसा र अन्यायको ढोका खोल्ने काम राज्यले गरेको बताउनु भयो ।

उहाँले भन्नुभयो, ‘म वर्षौंदेखि सम्बन्ध विच्छेदको मुद्दा लडिरहेकी छु, कानुनकै कारण घर निकाला भोगें । अहिले सरकारबाट ल्याउन लागिएको यो बहुविवाह सम्बन्धी मस्यौदाले हामीजस्ता पीडित महिलाहरूका लागि अझ गहिरो संकट निम्त्याउने छ ।’

## भ्रष्टाचारविरूद्धको...

परासीमा पत्रकार भेटघाट तथा भ्रष्टाचार बिरोधी अभियान उद्घाटन गरेको थियो ।

पार्टीको उक्त बैठक पार्टीका पोलिटब्युरो सदस्य तथा ब्युरो ईन्चार्ज प्रेम सुवेदीले प्रशिक्षण दिनुभएको थियो । बैठक जिल्ला सेक्रेटरी रवि पाण्डेयको अध्यक्षता, सचिवलायद्वय गणेशबहादुर ढकालको परिपत्रवाचन र दुर्गा नारायण चौधरीको संचालनमा भएको थियो ।

## क्रान्तिकारी...

प्रधानले गर्नु भएको थियो ।

भीम चापागाईको संयोजकत्वमा २१ सदस्यीय केन्द्रीय समिति गठन गरिएको छ । जसमा सचिवालय सदस्यहरु हिमलाल वाग्ले, गंगा गुरुङ, तिलक वि.क., सन्ध्या प्रधान, युवराज न्यौपाने, देवी थापा, सदस्यहरु पवन गुरुङ, चक्रबहादुर खत्री, सिर्जना शाक्य, रामप्रसाद कंडेल र उदय पराजुली लगायत रहनु भएको छ ।

## सिर्जना...

बिसाएपछिको यथार्थ पस्किएका कविताहरूमा क्रान्तिप्रतिको प्रतिबद्धता प्रकट भएको बताउनु भयो ।

पुस्तक माथि समीक्षा गर्दै समीक्षक तेजविलास अधिकारीले दस वर्षे जनयुद्धको दस्तावेजका रूपमा यो सङ्ग्रह आएको कुरा बताउँदै बन्दुकको मूल्य र भावको वरिपरि केन्द्रीत रहेर रचना गरिएका कविताहरूले युद्धप्रतिको स्वाभिमान, श्रद्धा र निष्ठालाई संगठित गरेको कुरा बताउनु भयो ।

त्यस्तै गरेर डा. नन्दीश अधिकारी र मंगल विश्वकर्माले पनि कवितामाथि मन्तव्य व्यक्त गरेका थिए भने कवि आस्था घिमिरे र सुनिता देवकोटाले सङ्ग्रहभित्रबाट मन परेको कविता मन पर्नुका कारणसहित क्रमशः ‘जीवन’ र ‘सुनसरा’ वाचन गरेर सुनाएका थिए ।

संयोजक गौरी देवकोटाद्वारा सञ्चालित उक्त कार्यक्रममा बिम्बको प्रयोग गर्दा शिकारी जन्तु र पर्यावरण बीचको अन्तर्सम्बन्ध र असर बारे पनि कविहरूले ध्यान पुऱ्याउनु पर्ने विषयमाथि छलफल चलेको थियो । अन्त्यमा लेखकको छोटो मन्तव्यपछि कार्यक्रम समापन गरिएको थियो ।

## सर्वोच्च...

आफन्तले भेटाएका थिए । घटनास्थलमा पुग्ने कविता नेपालका अनुसार विष्णुविक्रमको घाँटी र ओटमा निल डाम थियो । विष्णु विक्रमकी दिदी यसोधा थापाले आफ्ना भाईलाई हत्या गरेको तर सरकार र न्यायलयले न्याय नदिएको गुनासो गरिन् । उनले भनिन, ‘मेरो भाईको मरेको शब ओछ्यानमा सुताएर राखियो । यदि आत्महत्या हो भने कि झुण्डिएको अवस्थामा शब भेटिएन ? किन पहिला प्रहरीलाई खबर गरिएन रु किन हामीलाई जानकारी दिइएन ?’ उनले आफ्नो भाईले आत्महत्या गर्नुपर्ने अन्य कुनै कारण नभएको समेत दाबी गरिन् ।

यसोधाले आफ्नो भाईको फोन प्रहरीले डेड बर्षसम्म प्रयोग गरेको बताउँदै फोसबुक र इमो अकाण्ट पनि प्रहरीले नै चलाएको प्रमाण पेश सार्वजनिक समेत गरिन् । उनले केटीको मोबाइल, कल डिटेल, सामाजिक संजाललगायत अनुसन्धान नगरेको समेत दाबी गरिन् । उनले बौद्ध प्रहरीमा उजुरी गरेपछि फोन फिर्ता गरेको बताइन् ।

कार्यक्रममा अभियान्ता आरती रावलले प्रहरीले सही तरिकाले अनुसन्धान नगरेकै कारण पीडितले न्याय नपाएको बताइन् । उनले प्रहरी पिडकको संरक्षक भएकै कारणले पीडितले न्याय नपाएको बताइन् । उनले पीडितको न्यायको लागि आफूहरु सर्वोच्च अदालत अगाडि धर्ना बस्नेलगायतका कार्यक्रम गर्ने जानकारी पनि दिइन् । त्यस्तै, अर्की अभियान्ता रेणु पौडेलले पनि अनुसन्धान गर्ने निकाय महुँच र शक्तिबाट प्रभावित हुने गरेकै कारणले पीडितले न्याय नपाएको बताइन् । उनले पिडकलाई हदैसम्मको कारवाही हुनुपर्ने समेत बताइन् ।

जिल्ला र उच्चले आत्महत्या गर्न बाध्य पार्नेलाई सफाइ दिएपछि पीडित परिवारले सर्वोच्च मुद्दा दोहोर्याई पाउँ ९दोपा० दर्ता गराएका छन् । यही साउन १६ गते बुबा कमलबहादुरले दर्ता गरेको दोपाको तारेख भदौ २९ गतेलाई राखेको छ ।

यसअघि पीडित परिवारले रमेश बडालले २०८२ असार ३२ गते महान्याधिबक्ता रमेश बडालले दोपा नगर्ने निर्णय गरेका थिए । त्यसविरुद्ध पीडित परिवार न्यायको लागि सर्वोच्चको ढोकासम्म पुगेका हुन् ।

आत्महत्या दुरुत्साहन मुद्दामा जिल्ला अदालत काठमाडौँले २०८० कात्तिक १९ बिमललाई सफाइ दिएको थियो । त्यसपछि पीडित उच्च अदालत पुगेको थियो । उच्चले पनि २०८१ फागुन १३ गते जिल्लाकै आदेश सदर गरेको थियो ।

पत्रकार सम्मेलनमा पीडित परिवार र अभियान्ताले झगडियालाई झिकाएर प्रमाणका आधारमा पीडितलाई न्याय दिन सर्वोच्चसँग आग्रह गरेका छन् ।

विष्णुविक्रम र बिमलाबीच विवाह भएको ५ महिना १० दिनमै उक्त घटना भएको थियो । स्थायी घर मेलम्ची नै भएका विष्णुविक्रम र बिमलाले लभ म्यारिज गरेका थिए । तर, विवाह भएको दुई महिनामै परपुरुषसँग सम्बन्ध रहेको विष्णुविक्रमको मोइबालमा प्रमाण भेटिएको पत्रकार सम्मेलनमा प्रमाण सार्वजनिक गरिएको थियो ।

यी जनपक्षीय मिडियाहरु खोजी खोजी पढौं !
www.moolbato.com
www.hanktoday.com
www.daunnenews.com
www.isthaniyapatra.com
www.navadristi.com
www.hamrokalapani.com
www.hamroonline.com
www.newsabhiyan.com
वर्गदृष्टि साप्ताहिक
हाँक साप्ताहिक

# आलोपालो

## सरकारी भ्रष्टाचारका विरुद्ध मुक्तिको बाटो

***यो भ्रष्ट दलाल संसदीय व्यवस्थामा सत्ता सञ्चालन गर्ने भ्रष्ट दलाल सरकारहरूले सरकारमा गएर देश विकास गर्ने र जनताका काम गर्ने प्रतिस्पर्धा होइन कि कसको, कुन सरकारको पालामा कसले कति बढी भ्रष्टाचार गर्न सक्ने भन्ने प्रतिस्पर्धा हुने गरेको छ ।***



● नरेन्द्रबहादुर थापा ●

नेपालमा अहिले दलाल नोकरशाही संसदीय गणतान्त्रिक व्यवस्था विद्यमान छ। यो भ्रष्ट दलाल संसदीय व्यवस्थामा सत्ता सञ्चालन गर्ने भ्रष्ट दलाल सरकारहरूले सरकारमा गएर देश विकास गर्ने र जनताका काम गर्ने प्रतिस्पर्धा होइन कि कसको, कुन सरकारको पालामा कसले कति बढी भ्रष्टाचार गर्न सक्ने भन्ने प्रतिस्पर्धा हुने गरेको छ । त्यस्तो प्रतिस्पर्धामा भ्रष्टाचार काण्डहरू यहाँ अनगिन्ती रहेका छन् । ती सबैभ्रष्टाचार काण्डहरु उल्लेख गर्न नसकिएता पनि प्रधानमन्त्री केपी शर्मा ओलीको कार्यकालमा भएका सबै भ्रष्टाचार काण्डहरु नभएर मुख्य-मुख्य काण्डहरु मात्र सारांसमा उल्लेख गरिएको छ ।

***मुख्य भ्रष्टाचार काण्डहरु :***

(१) **केपी ओलीको स्पेन यात्राः** प्रधानमन्त्री केपी शर्मा ओली स्पेनमा भएको एक कार्यक्रममा सहभागी हुन जाँदा प्रधानमन्त्री सवार विमानमा गएका दश जना नागरिक फिर्ता नभएको र अहिले ती नागरिकहरू जर्मनी लगायतका युरोपेली देशहरुमा बसिरहेको खुलासा भएको छ। यस घटनामा प्रधानमन्त्री केपी शर्मा ओली नै मानव तस्करीमा संलग्न भएको आरोप छ।'' म भ्रष्टाचार गर्दिन र भ्रष्टाचारीको मुख पनि देख्दिन ।" भन्ने प्रधानमन्त्री केपी शर्मा ओली स्वयंलाई मानवतस्करीको आरोप लागेको छ। छानबिनको लागि अख्तियारमा उजुरी समेत परेको छ । यस्तो आरोप लाग्दा प्रधानमन्त्रीले नैतिकताको आधारमा राजीनामा दिन पर्छकि पर्दैन ? राजीनामा दिनुको साटो केही अराजक पार्टीले घटिया राजनीतिक खेल खेलेको प्रधानमन्त्री बताउँछन् । यद्यपि संसदमा अहिलेसम्म उहाँको राजीनामाको माग आएको छैन। नैतिकताको आधारमा प्रधानमन्त्री पदबाट राजीनामा दिएर वा पदमै रहेर यो आरोपको सामना गर्नुपर्नेछ। आरोप अनुसार प्रधानमन्त्रीले आफूलाई निर्दोष साबित गर्न नसके स्वतः राजीनामा दिनुपर्नेछ । प्रधानमन्त्रीले राजीनामा दिए सरकार स्वतःढल्दछ। त्यसकारण यो आरोप र विवाद अरु तस्कर काण्ड जस्तै हराएर जान पनि सक्ने भयो। यो पनि हेर्न बाँकी छ । एक पटक एमालेका युवाहरु संगठनको काममा विदेश जाँदा लण्डन एयरपोर्टबाट नै वेपत्ता भएका थिए । ती युवा किन हराए भनेर भ्रमण दलका नेता रुपनारायण श्रेष्ठलाई पार्टीले स्पष्टीकरण सोधेको थियो, कार्वाही गरेको थियो । *बाँकी ७ पेजमा*


# गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानकुरा नखाऔं,
- धरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिंड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड


## सुन्दर...

त्यो पनि आदर्शवादी बन्न पुगेको छ । त्यसमा ८० वर्ष पुगेको बुढो मान्छे मूल पात्र छ । ऊ समाजमा अकालमा (अथवा बुढ्यौली नआई) मानिसहरू मरिरहेको देख्छ । ऊ आफू बुढो भएर पनि मलामी जानु परिरहेको स्थिति छ । त्यसैले उसलाई सट्टा मृत्यु रोज्न पाए हुन्थ्यो भन्ने लाग्छ र त्यस्तै कम उमेरका मानिसको मालमी जाने ठाउँमा ऊ आफू सट्टा मृत्यु वरण गर्ने र मरेकालाई जीवन दिने (४-५ वटा) प्रस्ताव गर्छ । उसलाई कसैले पत्याउँदैनन् । यसो गर्दागर्दै ऊ ९० वर्षको हुन्छ, उसको मृत्यु नै हुँदैन र ऊ निराश हुन्छ । हो, मृत्युका यी सन्दर्भहरू यथार्थ नै हुन् । यस्ता घटना घटिरहेकै हुन्छन् तर मुख्य कुरा यस्ता घटनालाई हेर्ने द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण के हो भन्ने नै हो । अरूको मृत्युलाई सकारेर आफूले मृत्यु रोज्ने कुरा विज्ञानसम्मत र सम्भव कुरा होइन र द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण पनि होइन । यो त सोझै आदर्शवाद हो । यस कथाले ध्वनिका तहमा के पनि सङ्केत गर्छ भने मृत्यु त लेखेर ल्याएको कुरा हो, चाहँदैमा कहाँ मृत्यु हुन्छ ? यसले त भाग्यवादी/भावी (संसारको नियामक कुनै मानवेतर शक्ति) मा विश्वास गर्नेतिर लैजान्छ । यसबाट पाठकले के पाउने र के बुझ्ने ? जीवनलई द्वन्द्वात्मक भौतिकवादी कोणबाट हेर्न र बुझ्न नसक्दा यस्ता समस्या आउँछन् । अर्को कुरा यो विषयचयन नै उपयुक्त भएन भन्ने पनि हो । संसारका/जीवनका सबै विषय/घटनालाई साहित्यको विषय बनाउनुपर्छ भन्ने पनि हुँदैन । यसमा चयनको आवश्यकता हुन्छ । जुन विषय वा घटनाले जीवनको वस्तुपरक (त्यसका सत्यतामा) बोध गराउँदैन र जीवनलाई बदल्न/मूल्यवान् बनाउन उत्प्रेरित गर्दैन, त्यस्तो विषयको चयन गर्नु आवश्यक हुँदैन । यसबारे सचेत नभईकन सुन्दर कथा लेख्न सकिन्न ।

***५. सुन्दर कथा निर्माणको सौन्दर्यात्मक आधार***

सुन्दर कथा रचनाका लागि तेस्रो आधार सौन्दर्यात्मक उपकरणको समुचित र कुशल प्रयोग हो । कथा कलाकै एउटा रूप भएकाले यो सुन्दर हुनुपर्छ । कथा भाषण होइन, रिपोर्ताज होइन, यो यात्रा वा घटनावृतान्त मात्र पनि होइन । यो सुन्दर वस्तु (कलाको विशेष रूप) निर्माण गर्ने कुरा हो । त्यसैले सुन्दर कथाका कालिगढीमा आवश्यक पर्ने उपकरण (तत्व) को समुचित प्रयोग आवश्यक हुन्छ । यसमा पनि ध्यान दिनुपर्ने कुरा के छ भने पुँजीवादी (कलावादी) धाराले कालिगढीलाई नै सर्वोपरि ठान्छ । रचनाको वस्तुपक्षको उपयोगितामाथि त्यसले चिन्ता गर्दैन तर समाजवादी यथार्थवादीहरू उपयोगी (सुन्दर) वस्तुपक्षलाई कथाको कथ्य बनाउँदा त्यसका प्रकृति र अपेक्षाअनुरूप संरचनाका उपकरणहरूको कुशल प्रयोगमा ध्यान दिन्छन् ।

शिरीषको फूलमा विसङ्गत जीवनको कथ्य हुनु त्यस बेलाकी पारिजातका लागि ठिकै थियो किनभने उनको त्यसबेलाको जीवनदृष्टि त्यस्तै थियो । त्यसैले उनले तदनुरूपको कालिगढी प्रयोग गरिन् । विषालु अन्तर्वस्तुलाई अझ विषाक्त बनाउन सक्षम कालिगढी (शिल्प) को प्रयोग । त्यसैले यो पुँजीवादी चेतनाका पाठक र आलोचकका लागि सुन्दर र श्रेष्ठ रचना बन्न पुग्यो । प्रगतिवादी स्रष्टाहरूले भने आफ्ना रचनाका अन्तर्वस्तुअनुरूप उपकरणहरूको समुचित प्रयोग गर्नुपर्छ । यस सन्दर्भमा विचारणीय के छ भने कथा न घटनावृत्तान्त मात्र हो, न यात्रा विवरण हो, न दैनिकी हो, न व्यक्तिविशेषको अनुभूति मात्र हो । हो, यीमध्ये कुनै शैली वा कथा बताउने उपकरणका रूपमा आउन सक्दछन् तर यी आफैमा कथा होइनन् । कथाका लागि प्लट (कथानक) आवश्यक हुन्छ जसमा पात्र र तिनका कार्यव्यापार हुन्छन्, कार्यव्यापारले जन्माउने घटना हुन्छन्, तिनको विकासको शृङ्खला हुन्छ र एउटा परिणतिमा पुगेर त्यो शृङ्खला टुङ्गिन्छ । यी कुराको तानाबाना (संयोजन) बुन्नका लागि दिक् (स्थान) र काल (समय) को परिवेश खडा गर्नु आवश्यक हुन्छ । हामीले माथि गतिशील यथार्थको कुरा गर्‍यौं । गतिशीलताको निर्माण पात्रका कार्यव्यापार र चारित्रिक गतिशीलताबाट हुन्छ । जडतामा जकडिएको पात्र गतिशील हुन सक्दैन । निराशाको सामना गर्नु परे पनि ऊ त्यसलाई चिर्दै अगाडि बढ्ने सामर्थ्यका कारण गतिशील हुन्छ ।

हिजो प्रस्तुत गरिएका कथालाई सम्झिने हो भने क्षितिजजीको कथाकी अयोग्य ठहरिएकी र क्यानटोनमेन्टबाट बहिर्गमित हुँदै गरेकी जनमुक्ति सेनाकी सदस्य गतिशील पात्र हो । उसले जडतालाई चिर्ने प्रयत्न गरेकी छ र एउटा कालखण्डमा घटित जनयुद्धको दुःखान्तलाई पनि प्रस्तुत गरेकी छ । परशुरामजीको कथामा भने घटना छ तर चारित्रिक विकास र गतिशीलता छैन । मुख्य पात्र सुन्ने भूमिकामा मात्र छ । त्यसैले त्यो प्रभावकारी हुन सकेन । पठनीयताका दृष्टिले पनि त्यो आकर्षक हुन सकेन । कथामा घटना र चरित्रको संयोजन गर्ने प्रयत्न छ तर त्यसका लागि आकर्षक भाषाको प्रयोग छैन भने पनि कथामा सौन्दर्य सिर्जना हुँदैन । भाषा ललित हुनु, काव्यात्मक हुनु, बिम्ब र प्रतीककै पनि प्रयोग गरेर कथ्यलाई ध्वनिमय बनाउनु आवश्यक र उपयुक्त हुन्छ । भाषाकै कुरा गर्दा पात्रका बिचको संवाद र समाख्याताको वर्णन- यी दुईको समुचित संयोजन पनि आवश्यक हुन्छ । नाटकमा जस्तो संवादै संवाद अथवा वर्णनै वर्णन दुबै उपयुक्त हुँदैनन् । यी बुनोटसँग सम्बन्धित कुरा हुन् । बुनोटका तहमा आउने घटकहरूको निकै सन्तुलित र समानुपातिक प्रयोगले कथालाई कालिगढीका दृष्टिले सुन्दर बनाउने काम गर्छन् ।

निश्चित रूपमा शैलीको चयनमा स्रष्टा स्वतन्त्र हुन्छ । कुन शैलीको चयन गर्ने भन्ने कुरा उसले चयन गरेको विषय र प्लट (कथानक) ले निर्धारण गर्छ । कहीँ परम्परागत कथाकथनको शैली, कहीँ संस्मरणात्मक शैली, कहीँ पत्रात्मक शैली, कहीँ पूर्वदृश्यात्मक (फ्ल्यासब्याक) शैली आदिको उपयोग हुन सक्छ । यसै गरी आवश्यकतानुसार स्वैरकल्पनालाई पनि एउटा शैलीका रूपमा प्रयोग गर्न सकिन्छ । कुन शैलीको प्रयोग गर्दा त्यसबाट कथाको सौन्दर्य र प्रभाव कति समृद्ध हुन्छ भन्ने कुरामा स्रष्टाले चिन्तन गर्नु आवश्यक हुन्छ । मुख्य कुरा कथाको संज्ञानात्मक र सङ्कल्पात्मक भूमिकाका लागि चयन गरिएको शैली मैत्रीपूर्ण र उपकारी छ कि छैन भन्ने कुरामा ध्यान दिनु आवश्यक छ । कथाले पाठकका सौन्दर्यरुचिलाई सम्बोधन/शमन गर्नुका साथै उसका जीवनसङ्घर्षमा र चेतनाका तहमा ऊर्जा/उत्प्रेरणा दिन सक्नुपर्छ । यसका लागि कथामा कालिगढीको भूमिका निकै महत्त्वपूर्ण हुन्छ । यथार्थको चयन र वैचारिक दृष्टिकोण समुचित हुँदाहुँदै पनि कालिगढी कमजोर र अन्तर्वस्तु अनुकूल भएन भने कथा सुन्दर हुँदैन ।

रचनाप्रक्रियाकै कुरा गर्दा एङ्गेल्सका प्रसिद्ध भनाइलाई पनि सम्झिनुपर्छ । सुन्दर र प्रभावकारी यथार्थवादी रचनाको अभिलक्षणबारे उनी भन्छन्- "यथार्थवाद भनेको विशिष्ट (प्रतिनिधि) परिस्थिति (परिवेश)मा विशिष्ट (प्रतिनिधि) पात्रहरूको साँचो (विश्वसनीय) पुनरुत्पादन हो" । हामीले चयन गर्ने घटना/परिस्थिति विशिष्ट/प्रतिनिधिमूलक खालको हुनुपर्छ । अनि हामीले चयन गर्ने पात्र पनि त्यही विशिष्ट परिस्थितिका बिच सङ्घर्षरत हुन्छ र त्यसको साँचो अर्थात् विश्वसनीय किसिमले पुनःसिर्जन/पुनर्निर्माण गर्नुपर्छ । यसलाई यसरी पनि बुझ्न सकिन्छ । सुन्दर यथार्थवादी (समाजवादी यथार्थवादी समेत) रचनाको पात्र सामान्य भईकन विशिष्ट र विशिष्ट भईकन सामान्य हुन्छ । त्यो विशिष्ट मात्र भयो सामान्य मानिसको गुण उसमा छैन, वा सामान्य (आम) मानिसको प्रतिनिधित्व त्यसले गर्दैन भने त्यो कमजोर पात्र हो । त्यसै गरी कुनै पात्र सामान्य मात्र छ, ऊ विशिष्ट खालको छैन भने पनि त्यो कमजोर पात्र हो । रविकिरणजीको 'सट्टामृत्यु'को ९० वर्षीय वृद्ध पात्रलाई उदाहरणका रूपमा लिन सकिन्छ । ऊ विशिष्ट जस्तो देखिन्छ तर सामान्य र प्रतिनिधि पात्र होइन । यो प्रारूपीकरणसँग जोडिएको 'टेक्निक' पनि हो । यथार्थवादी स्रष्टाले उस्तै उस्तै चरित्रहरूलाई गालेर एउटा भव्य र पूर्ण प्रारूप बनाउँछ । त्यसैले त्यो एकैसाथ सामान्य र विशिष्ट दुबै हुन्छ । पारिजातको 'साल्गीको बलात्कृत आँसु'की किशोरी साल्गी र उसलाई बेचबिखन गर्ने ल्वाङ्गे घर्ती दुबै प्रारूपीकरणका सुन्दर उदाहरण हुन् । इस्मालीको 'बाटो' कथाको सुरथा त्यस्तै सामान्य र विशिष्ट दुबै विशेषता बोकेको प्रतिनिधि पात्र हो जसले तराईका ग्रामीण क्षेत्रमा जमिनदारकहाँ काम गर्ने बँधुवा मजदुरको प्रतिनिधित्व गर्छ । यिनीहरूका चरित्रमा सामान्यता र विशिष्टताका दुबै गुण छन् ।

***६. उपसंहार***

हामीले समाजवादी यथार्थवादी कथाका रचनात्मक आधारका सन्दर्भमा माथि संज्ञान, सङ्कल्प र सौन्दर्यका तीन वटा पक्षबारे चर्चा गर्‍यौं । वास्तवमा यी तीन त्यस्ता आधारभूत पक्ष हुन् जसले कथालाई (र कलाका अन्य रूपलाई समेत) सुन्दर र सार्थक बनाउँछन् । कला आत्मिक नभई भौतिक जीवनका लागि पनि उपयोगी हुनुपर्छ र मात्र सुन्दर हुन्छ । भोकले आन्द्रा सुकेको मान्छेका लागि गुलाफको फूलको सौन्दर्य अर्थहीन छ । कुनै कुरा आफ्ना लागि उपयोगी छ भने मात्र त्यो सुन्दर हुन्छ, उपयोगी छैन भने जति बुट्टेदार भए पनि सुन्दर हुँदैन । यसरी सुन्दर ठहरिने सबै वस्तु कला हुनुपर्छ भन्ने हुँदैन । सुन्दर हुनु भनेकै कलात्मक हुनु होइन तर कलात्मक हुनका लागि सुन्दर हुनु अनिवार्य छ । अब यसरी निष्कर्ष निकालौं- उपयोगी पनि हुनु र सुन्दरका गुणले सम्पन्न पनि हुनु सुन्दर कलाको विशेषता हो । कथाका सन्दर्भमा सुन्दरका उपकरण/तत्वबारे पनि हामीले छलफल गरिसक्यौं । उपयोगिताको कुरा गर्दा कथा (र अन्य कुनै पनि कलारूप) त्यति बेला उपयोगी ठहरिन्छ जब त्यसले हामीलाई जीवनको बोध गराउँछ र बोध मात्रै गराउँदैन, जीवन बदल्नका लागि उत्प्रेरित गराउँछ र आवश्यक ऊर्जा पनि दिन्छ । यो काम त्यति बेला सम्भव हुन्छ, जब लेखकसँग ऐतिहासिक र द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण हुन्छ । यसै दृष्टिकोणले कथाको अन्तर्वस्तुलाई उपयोगी र महत्त्वपूर्ण बनाउँछ । स्रष्टामा यथार्थबोध र सौन्दर्यबोधसँगै यस दृष्टिकोणको स्तर जति उच्च र स्पष्ट भयो उसको रचना त्यति नै सुन्दर र उपयोगी हुन्छ । आजलाई यत्ति कुरा गरौं । छलफलमा सहभागी अन्य तीनै जना विज्ञ मित्रहरूका विचारलाई पनि एकै ठाउँमा जोडेर हेर्‍यौं भने सुन्दर र प्रभावकारी कथा रचनाको आधार स्पष्ट हुनेछ भन्नेमा म विश्वस्त छु । यस अन्तर्क्रियामा सहभागी हुने स्रष्टा, समीक्षक सबै मित्रहरूलाई हार्दिक धन्यवाद ! *-२०७८ जेठ*






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।